**एड्स तथा यौन रोगबाट बच्न र बचाउन**

-सुरक्षित यौन सम्पर्क गरौं,
-यौन सम्पर्क गर्दा कन्डमको प्रयोग गरौं,
-विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं,
-एचआइभी नियमित परीक्षण गरौं,
-यौनरोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।

eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर २८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 13 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०५

## पर्सामा ७८ जनामध्ये सातजनाले उम्मेदवारी फिर्ता लिए

प्रस, वीरगंज, २७ मङ्सिर/

नेपाल पत्रकार महासङ्घ, पर्साको मङ्सिर २८ गते हुने चुनावमा उम्मेदवारी दर्ता गराएकामध्ये सातजनाले नाम फिर्ता लिएका छन्।

नाम फिर्ता लिनेहरूमा सहसचिव शम्भुकुमार सुमन, केन्द्रीय पार्षद् श्रीराम रायमाझी, सदस्यहरू नीलम पन्त, शोभा धमला, शबनम भट्टराई, रञ्जीत चौरसिया र धर्मेन्द्र चौरसिया रहेको निर्वाचन अधिकृत शत्रुघ्न नेपालले बताए।

नेपाल पत्रकार महासङ्घ, पर्सामा भोलि शुक्रवार १९ सदस्यीय जिल्ला कार्यसमिति, ११ सदस्यीय प्रदेश परिषद् र पाँच सदस्यीय राष्ट्रिय परिषद्का गरी कुल ३५ पदका लागि निर्वाचन हुँदैछ। ३५ पदका लागि ७८ जनाको उम्मेदवारी परे पनि आज सातजनाले उम्मेदवारी फिर्ता लिएपछि ७१ जनाको अन्तिम नामावली प्रकाशन भएको छ।

१६७ जना सदस्य रहेको पर्सा शाखामा करीब ४३ प्रतिशत सदस्य निर्वाचनमा भाग लिएका छन्। यो निर्वाचनमा नेपाली काङ्ग्रेस र नेकपा एमालेसँग आबद्ध प्रेस युनियन र प्रेस चौतारीका सदस्यहरूको एउटा प्यानल र बाँकी सदस्यहरू अर्को प्यानल बनाइ प्रतिस्पर्धामा छन्।

यस निर्वाचनमा दुईवटा प्यानल एकापसमा भिडे पनि दुवै प्यानलका उम्मेदवारहरू आफूप्रति ढुक्क छैनन्। आफ्नै प्यानलबाट धोका हुन सक्ने



तस्वीरः प्रतीक

पत्रकार महासङ्घ, पर्साको कार्यालयबाहिर जम्मा भएका पत्रकारहरू।

उम्मेदवारहरू बताउँछन्। नाम मात्रको प्यानल हो, यसपालिको निर्वाचनमा ठूलो धोका हुन सक्ने आशङ्का आफूलाई महसूस भइरहेको एकजना उम्मेदवारले प्रतीकलाई बताए।

पत्रकारहरूबीच एकापसमा द्वन्द्व रहेकोले एकै प्यानलबाट उम्मेदवार भएपनि प्यानलको मत विरोधी खेमाका उम्मेदवारलाई जान सक्ने उनले बताए।

पत्रकारितामा आबद्ध नभएका व्यक्तिहरूलाई पत्रकार महासङ्घको सदस्यता दिएकाले पनि सदस्य खोज्न समस्या भएको ती उम्मेदवारले बताए।

आआफ्नो प्यानलका मतदाताहरूलाई सुरक्षित राख्ने कोशिश भइरहे पनि प्रतिद्वन्द्वी प्यानललाई सूचना चुहाएर समीकरण भाड्ने मतदाताहरूसँग पनि सतर्क रहनुपरेको उनले बताए।

मुख्य निर्वाचन अधिकृत नेपालका अनुसार महासङ्घ, पर्साको अध्यक्षमा अनुप तिवारी र ओमप्रकाश खनालको उम्मेदवारी परेको छ। यसैगरी, उपाध्यक्ष (खुलातर्फ)मा तीनजना अलि असगर देवान, भूषण यादव र जगत राईले उम्मेदवारी दर्ता गराएका छन् भने महिला उपाध्यक्षमा कविता खड्का र नीलिमा पौडेलले उम्मेदवारी दिएका छन्।

त्यसैगरी, सचिवमा शेखरबहादुर क्षत्री, मनोज पटेल, विजय चौहान र सफल खतिवडा गरी चारजनाले उम्मेदवारी दर्ता गराएका छन्। सहसचिव समावेशीमा अमित अग्रवाल, इरफान अली र एसके चौरसिया तथा खुलातर्फ अजयकुमार चौरसिया र उदयकुमार दास गरी पाँचजनाले उम्मेदवारी दर्ता गराएका छन्।

कोषाध्यक्षमा सञ्जीवकुमार मिश्र, धनञ्जय मिश्र, अमितकुमार साह, जियालालप्रसाद साह गरी चारजनाको उम्मेदवारी परेको छ।

महिला, आदिवासी जनजाति र मधेसी सदस्यतर्फ क्रमशः दुई, तीन, तीन गरी आठजनाको उम्मेदवारी परेको छ। दलित सदस्यमा छेदीलाल (सुभाष) राम निर्विरोध निर्वाचित भएका छन्।

## महानगरले फेरि कर्मचारी हटाउने

प्रस, वीरगंज, २७ मङ्सिर/

वीरगंज महागरपालिका कार्यालयले पुनः दैनिक ज्यालादारीका कर्मचारी हटाउन सबै वडामा पत्राचार गरेको छ।

महानगरपालिकाले सार्वजनिक सूचना गर्दै वडालगायत सरोकारवाला कार्यालयले आफूखुशी ज्यालादारीमा खटाउने कर्मचारीलाई काममा नखटाउन वा डोर हाजिरी प्रमाणित नगर्न पत्राचार गरेको छ।

यसपटक दैनिक ज्यालादारीका २४५ जना कर्मचारी हटाइने प्रशासन शाखाले जनाएको छ।

महानगरका प्रमुख कार्यकारी अधिकृत अरविन्दलाल कर्णले साउनदेखि सबै ज्यालादारी कर्मचारीलाई हटाउन निर्देशन दिइसकेको बताए। अहिलेसम्म अधिकांश ज्यालादारी कर्मचारीले काम गर्दै आएका तथा वडाले डोर हाजिरी प्रमाणित गर्दै आएको उनले बताए। महानगरसँग अहिले उनीहरूलाई मासिक तलबभत्ता दिन सक्ने अवस्था नभएकोले पुनः सबै वडामा पत्राचार गरी जानकारी गराइएको अधिकृत कर्णको भनाइ छ।

यस अघि करीब ७०० ज्यालादारी कर्मचारी महानगरले हटाइसकेको छ। महानगरले अहिले आफ्नै कानून बनाइसकेको छ। कहाँ–कहाँ दैनिक ज्यालादारीका कर्मचारी राख्ने भनी कानूनमा स्पष्ट उल्लेख भएको कारण सोही अनुसार महानगर अब अगाडि बढ्ने अधिकृत कर्णले जानकारी गराए।

## करोडौं मूल्य पर्ने सवारीसाधन र काठ नष्ट हुँदै



जिल्ला वन कार्यालय, सिमराको हाताभित्र रहेका सवारीसाधन तथा काठ जीर्ण अवस्थामा पुगेका छन्। तस्वीरः प्रतीक

प्रस, जीतपुर, २७ मङ्सिर/

डिभिजन वन कार्यालय, सिमराको हातामा करोडौं मूल्य पर्ने सालको गोलिया, चिरान काठ र सवारीसाधन नष्ट हुने अवस्थामा पुगेका छन्।

न्यायालय तथा डिभिजन वन कार्यालय, सिमराको ढिलासुस्तीका कारण डिभिजन वन कार्यालय, सिमराको हाताभित्र रहेका चिरान काठ, गोलिया, सयौं साइकल, मोटरसाइकल, टचाक्टर, जीप, ट्रकहरू १०औं वर्षदेखि खुला आकाशमुनि घामपानी खेपेर जीर्ण अवस्थामा पुगेका छन्।

डिभिजन वन कार्यालय, सिमराका प्रमुख राजीवकुमार झाले विभिन्न समयमा काठ तस्करहरूबाट काठ तथा सवारीसाधन नियन्त्रणमा लिएको र न्यायालयमा मुद्दा चलिरहेका कारण अलपत्र अवस्थामा रहेको बताए। उनले कारबाई पूरा भएका काठ तथा सवारीसाधन लिलामी प्रक्रियामा लैजाने बताए।

तत्कालीन जीतपुरसिमरा पञ्चायतका प्रधानपञ्च मुकुन्दबहादुर क्षत्रीले न्यायालय र वन कार्यालयको ढिलासुस्तीका कारण करोडौं मूल्य पर्ने सरकारी सम्पत्ति घामपानी खाएर नष्ट भइरहेकाले यसतर्फ सरकारले अविलम्ब लिलामी प्रक्रिया चाल्नुपर्ने बताएका छन्।

## कृषि ज्ञान केन्द्रले मल सिफारिश रोक्यो

प्रस, परवानीपुर, २७ मङ्सिर/

कृषि ज्ञान केन्द्र, पर्साले बुधवारदेखि हुने भएपछि यसको कालोबजारी र तस्करी हुने गरेको गुनासो आएको छ। बताउँछन्।

मल वितरण प्रक्रियालाई प्रभावकारी



तस्वीरः फाइल

पर्साका सहकारी संस्थाहरूलाई मल वितरण गर्न सिफारिश बन्द गरेको छ।

केन्द्र प्रमुख कमलदेव कुशवाहाका अनुसार वीरगंजस्थित कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेशनबाट वितरण हुने रासायनिक मलको कोटा समाप्त भइसकेकोले मलप्राप्तिको लागि सिफारिश गर्ने कार्य बन्द गरेको बताए। उनले दुई सातादेखि पर्साका विभिन्न सहकारीको निवेदन लिंदै मल वितरण गर्ने निकाय कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङलाई सिफारिश गर्दै आएको बताए।

कोटाभन्दा बढीको सिफारिश गरिसकेकाले हिजोदेखि सिफारिश रोक्का गर्न शुरू गरिएको उनले बताए।

केन्द्रले गहुँबालीको लागि पाँच हजार बोरा साल्ट ट्रेडिङ र १० हजार बोरा कृषि सामग्री कम्पनीबाट वितरण गर्न पर्साका करीब सयभन्दा बढी कृषि सहकारी संस्थाहरूलाई सिफारिश गरेको छ।

**सेटिङमा सिफारिश गरेको गुनासो**

रासायनिक मल वितरण प्रक्रिया झन्झटिलो र विभिन्न निकायको संलग्नता वीरगंजबाट कृषि ज्ञान केन्द्र, पर्साले दिने सिफारिश सँगसँगै मन्त्रीदेखि ठूलाबडा नेताहरूको भनसुन आवश्यक परेको र त्यस सँगसँगै ज्ञान केन्द्रका कर्मचारीलाई मल प्राप्त गर्नको लागि केही रकम नजराना पनि दिनुपर्ने अवस्था रहेकोले सेटिङमैं मल प्राप्ति र वितरण हुँदै आएको छ।

एकजना सहकारीका सञ्चालकले भने, "सबैभन्दा पहिला सहकारीलाई कोटा पाउन मन्त्रीदेखि नेताहरूबाट दबाव दिलाउनुपर्छ। त्यसपछि सिफारिश गर्नको लागि कर्मचारीहरूलाई प्रभावमा पार्नुपर्छ। त्यति काम भएपछि मात्र सिफारिश हुन्छ।"

सिफारिश भएको मललाई वीरगंजबाट ढुवानी गरेर पर्साको ग्रामीण भेगमा लगिन्छ र यातायात भाडाबापत प्रतिबोरा रु ५० देखि १०० सम्म थपेर बिक्री गर्नुपर्ने हो तर रु ७५० मा खरीद गरिएको युरिया रु १५००–२२०० मा खरीद गरिएको, डिएपी मलको बोरा रु ३५०० सम्ममा समेत ग्रामीण भेगमा वितरण हुँदै आएको किसानहरू बताउँछन्।

मल वितरण प्रक्रियालाई प्रभावकारी नबनाइए अनुदानमा पाउने मलको मलाइ खाने बिचौलियाहरू मालामाल हुने अवस्था सिर्जना हुँदै गएको छ। साथै कृषि ज्ञान केन्द्र, कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङलाई नियमन गर्ने प्रदेश र केन्द्रका सरोकारवाला निकायको पनि यसमा दबाब र भूमिका हुँदा त्यसलाई ठीक पार्न पनि आवश्यक रहेको किसानहरूको भनाइ छ। जबसम्म आम किसानले आफ्नो गाउँमा सहजै माग गरेको मात्रामा मल प्राप्त गर्ने अवस्था आउँदैन, तबसम्म बिचौलिया र कर्मचारीहरूले जनतालाई ठग्ने कार्य जारी राख्ने उनीहरूको आरोप छ।

सेटिङमा मल प्राप्तिको लागि सिफारिश र वितरण हुने हुँदा एउटै पालिकाको एउटै सहकारीले चारपटकसम्म मल पाएको गुनासो आएको छ र जसको पहुँच र भनसुन पुगेन, सेटिङ मिलेन उसले एकपटक मात्र औपचारिकता पूरा गर्न मल पाएको सहकारी संस्थाका सञ्चालकहरूको भनाइ छ।

## १० वर्षदेखि लिभिङ टुगेदरमा बस्छिन् पूजा

प्रस, परवानीपुर, २७ मङ्सिर/

वीरगंजमा बसोबास गर्ने तेस्रोलिङ्गीमध्ये कमै लिभिङ टुगेदरमा बस्ने गरेको पाइएको छ।

पुरुष पार्टनरहरूसँग उनीहरू गुपचुप लिभिङ टुगेदरमा बस्ने गरेका छन्।

वीरगंज–१० आदर्शनगरकी ३० वर्षीया तेस्रोलिङ्गी हुन्, पूजा साह। उनी वीरगंज–११ श्रीपुरका एकजना व्यवसायीसँग लिभिङ टुगेदरमा विगत १० वर्षदेखि बस्दै सम्बन्धलाई अगाडि बढाएकी छन्। उनको पार्टनर विवाहित हुन्। पार्टनरको घरमा पत्नी र चारजना सन्तान छन्। तापनि आफूलाई पत्नीजस्तै मान्ने गरेको पूजा बताउँछिन्। १० वर्ष पहिले वीरगंजको घण्टाघरछेउमा भेट भएपछि सामान्य चिनजानबाट शुरू भएको सम्बन्ध अनौपचारिकरूपमा पति–पत्नीको सम्बन्धमा परिणत भएको उनी स्वीकार्छिन्। तर समाजले थाहा पाउने डरले अनौपचारिकरूपमा विवाह भए तापनि सामाजिकरूपमा र कागजीरूपमा आफूहरूको विवाहले मान्यता नपाएको उनको दुःखेसो छ।

"सामान्य बोलचाल र सामाजिक सञ्जालको च्याटबाट हाम्रो सम्बन्ध घनिष्ठ हुँदै गयो। त्यसपछि भेट्ने रमायाप्रीतिका कुरा गर्नेलगायतका गतिविधिबाट समाजसँग लुकेर पतिपत्नीको रूपमा हामी बस्यौं," उनले भनिन्, "तर यसबारेमा न मेरो घरपरिवारका सदस्यलाई थाहा छ, न उसको घरपरिवारको सदस्यलाई थाहा छ। उसले मलाई मासिक ३०–४० हजार रुपैयाँ खर्च दिने गरेको छ।"

महीनामा चार/पाँच पटक मात्र आफूहरूको गोप्यरूपमा भेटघाट हुने गरे पनि हामी पतिपत्नीकै रूपमा बाँचिरहेको पूजा बताउँछिन्।

साथीभाइहरूले मलाई उसको पत्नी भएको थाहा पाएर पनि सँगै किन बसेको भनी प्रश्न गर्ने गरेको पूजाले बताइन्। सामाजिक र कानूनीरूपमा पतिपत्नीको



पूजा र उनको पुरुष पार्टनर। तस्वीरः प्रतीक

दर्जा नपाउँदा कहिलेकाहीं उसले छोडेर गएपछि आफ्नो जीवन कसरी बित्ला भन्ने चिन्ताले पनि सताउने गरेको उनले बताइन्।

कानूनी झन्झटका कारण तेस्रोलिङ्गीहरूले विवाह गर्न नसकेकाले आफूहरूले गोप्यरूपमैं सम्बन्धलाई अगाडि बढाउन बाध्य भएको उनको भनाइ छ। यसमा सरकार र सरोकारवाला निकायको ध्यान जानुपर्ने उनको भनाइ

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**कसैको भलो गर सदैव लाभमा रहन्छौं, कसैलाई दया गर सदैव सम्झिरहन्छौं ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


# युद्धमा अमेरिकी स्वार्थ

**रूस–युक्रेन युद्धले अन्तर्राष्ट्रिय राजनीति र अर्थतन्त्रमा गहिरो प्रभाव पारेको छ । यो युद्ध केवल दुई देशबीचको सङ्घर्ष मात्र नभई प्रमुख शक्तिहरूबीचको रणनीतिक प्रतिस्पर्धाको मैदान पनि हो। विशेषगरी अमेरिका जसले यो युद्धलाई आफ्नो आर्थिक, सामरिक र रणनीतिक हितका लागि उपयोग गर्ने मौका पाएको छ । अमेरिका विश्वकै सबैभन्दा ठूलो हतियार निर्यातकर्ता मुलुक हो । युद्ध शुरू भएयता अमेरिकाले युक्रेनलाई व्यापक मात्रामा हतियार आपूर्ति गर्दै आएको छ । मिसाइलदेखि मल्टिपल रकेट सिस्टमसम्मका आधुनिक हतियार युद्धभूमिमा पठाएको छ । यसले अमेरिकालाई दुई किसिमका फाइदा दिएको छ । आर्थिक लाभ र प्रभावकारी परीक्षण। युक्रेनलाई दिइएका हतियारमध्ये धेरैजसो ठूला अमेरिकी सैन्य कम्पनीहरूले उत्पादन गरेका हतियार हुन्। युद्धग्रस्त क्षेत्रमा अरबौं डलरको कारोबार भइरहेको छ । त्यसैगरी, युक्रेनमा प्रयोग भएका हतियारहरूको प्रभावकारिता र सीमाहरू विश्लेषण गर्न अमेरिकाले यो युद्धलाई 'फिल्ड टेस्टिङ'को रूपमा उपयोग गरेको छ । यस क्रममा हिमार्स जस्ता हतियारको सफल प्रदर्शन भएपछि अब अन्य देशहरूसँग पनि यो हतियारको सम्झौताका लागि ढोका खुल्यो ।**

**युद्ध शुरू भएपछि अमेरिकालगायत पश्चिमी मुलुकहरूले रूसी व्यापारिक र उच्च पदस्थ व्यक्तिहरूका सम्पत्ति रोक्का गरे । अमेरिकाले मात्रै ३०० अर्ब डलरभन्दा बढीको रूसी सम्पत्ति फ्रीज गरेको छ। यसले रूसको अर्थतन्त्रलाई दबाब दिन सक्यो । फ्रीज गरिएका रकमलाई विभिन्न परोपकारी वा पुनर्निर्माण प्रयोजनका लागि उपयोग गर्न पाएको छ । त्यस्तै, अमेरिकाले रूसी र चिनी उत्पादनमाथि युरोपमा प्रतिबन्ध लगाएर आफ्ना उत्पादनको लागि बजार खोलेको छ । विशेषगरी, ऊर्जा र प्रविधिका क्षेत्रमा अमेरिकाले युरोपेली देशहरूसँग सम्झौता गरेर अमेरिकी उत्पादनलाई प्राथमिकता दिन बाध्य पाऱ्यो। युद्धको कारण युरोपले ऊर्जा सङ्कटको सामना गर्दा अमेरिकाले आफ्नो तरल प्राकृतिक ग्याँस (LNG) युरोपमा आपूर्ति गर्ने अवसर पाएको छ। रूसी ग्याँसको विकल्प खोजिरहेका युरोपेली देशहरूसँग यतिबेला अमेरिकी एलएनजी खरीदको विकल्प छैन। यसको मूल्य र बिक्री दुवै अमेरिकाले तय गर्ने एकाधिकार पाएको छ । युद्धका कारण अमेरिकी प्रविधि र उपकरणको माग बढ्दै गएको छ। यसले अमेरिकी उत्पादनलाई विश्व बजारमा थप मजबूत बनायो ।**

**युद्धले रूसमाथि मात्र होइन, अमेरिकाको प्रतिद्वन्द्वी चीनमाथि पनि प्रभाव पारेको छ । अमेरिका र पश्चिमी देशहरूले चीनका केही उत्पादनमा प्रतिबन्ध लगाएर त्यसको व्यापार विस्तार रोक्ने प्रयास गरेका छन्। युक्रेनलाई सैन्य र आर्थिक सहयोग पुऱ्याउने नाममा अमेरिका एशिया–प्रशान्त क्षेत्रमा चीनविरोधी गठबन्धनलाई सशक्त बनाउँदै छ । अमेरिकाले युक्रेनलाई दिएको सैन्य सहायता र त्यसका लागि आवश्यक हतियारको आपूर्तिले अमेरिकी सैन्य उद्योगलाई अभूतपूर्व लाभ मिलेको छ। अमेरिकाले यो युद्धलाई आफ्नो फाइदाको लागि भरपूर उपयोग गरिरहेको छ, चाहे त्यो हतियार बिक्री होस् वा ऊर्जा आपूर्ति तथा अन्तर्राष्ट्रिय व्यापारमा आफ्नो दबदबा कायम गर्न होस्। यो रणनीतिक खेलको दीर्घकालीन परिणाम सोचनीय छ । रूसजस्तो शक्तिशाली राष्ट्रलाई कुनामा पुऱ्याउने प्रयासले विश्वव्यापी अस्थिरता र नयाँ प्रकारको शक्ति सङ्घर्ष जन्माउन सक्छ।**

# निर्वाचनपश्चात् नयाँ नेतृत्व जिम्मेवार हुने अपेक्षा

प्रत्येक तीन वर्षमा एकपटक हुने नेपाल पत्रकार महासङ्घको निर्वाचन आन्तरिक विवादका कारण निर्धारित समयभन्दा आठ महीना ढिलो हुँदैछ । आज नै देशभरिका पत्रकारहरूको निर्वाचन हुँदैछ। सम्भवतः पहिलोपटक नेपालका पत्रकारहरूले पार्टीको ह्वीपलाई नमानी स्वतन्त्ररूपमा पनि मतदान गर्ने अवस्था देखिएको छ । नेपाली काङ्ग्रेसनिकट नेपाल प्रेस युनियन तथा नेकपा एमालेनिकट प्रेस चौतारीले केन्द्रीय सरकारको गठबन्धनकै शैलीमा पत्रकारहरूको निर्वाचनमा पनि जाने सहमति गरेर संयुक्तरूपमा चुनावमा होमिएका हुन् । नेपालका अधिकांश पत्रकार नेपाली काङ्ग्रेसनिकटको नेपाल प्रेस युनियन तथा नेकपा एमालेनिकटको प्रेस चौतारीसँग आबद्ध रहेका कारण सबैले निर्वाचनमा जाने अनुमति अथवा अवसर पाउन सकेका छैनन्। यसको प्रत्यक्ष प्रभाव केन्द्र, प्रदेश र जिल्लाहरूका प्यानलमा पनि देखिएको छ । निर्वाचनमा क्रस भोटिङ हुने सम्भावना पनि धेरै छ। तसर्थ प्यानल नै चुनाव जितेर आउने सम्भावना देखिंदैन ।

नेपाल पत्रकार महासङ्घको मर्यादालाई कायम राख्न यसप्रतिको विश्वासमा आएको कमीलाई पुनः आर्जन गर्नु र नेतृत्वमा पुगेकाले आफूप्रति अन्धभक्ति देखाउन नचाहनेलाई शत्रु कित्तामा राखी तिनलाई सदस्यता नै नदिने, तिनको नवीकरण नै नगर्ने र पर्याप्त कारणविना संस्थाबाट फाल्ने कामले अब स्थान नपाउने परिस्थितिको निर्माण गर्नुपर्ने महत्ती चुनौती नयाँ नेतृत्वको काँधमा रहनेछ। नेपाल पत्रकार महासङ्घले कसैलाई जागीर दिंदैन, कसैको घरपरिवारको पालनपोषण पनि गरिरहेको हुँदैन, न त निरन्तररूपमा आर्थिक सहायता दिने तथा ऋण प्रवाह गर्ने निकाय हो। नेपालका पत्रकारहरूको यो छाता सङ्गठन हो। देशभरिमा नेपाली पत्रकारहरूको अनेकौं सङ्गठन छन् । नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, प्रगतिशील जनता पार्टी, राप्रपा, आदिवासी–जनजाति, मधेसी, दलित, मुसलमान, महिला आदिहरूका पनि छुट्टाछुट्टै पत्रकार सङ्गठन अस्तित्वमा छन्। चुनावको बेलामा राजनीतिक दलको प्रचारप्रसार समितिमा बस्ने, पार्टीको झन्डा बोकेर भोट पनि माग्ने काम पत्रकारहरूबाट भइआएका छन् र आगामी दिनमा पनि हुने नै छ। तथापि सम्पूण पत्रकारको सिङ्गो सङ्गठन भनेकै नेपाल पत्रकार महासङ्घ नै हो । यो नेपालका पत्रकारहरूको अभिभावक हो भन्दा अतिशयोक्ति नहोला। तसर्थ पनि नेपालका सबै पत्रकार यस संस्थामा आबद्ध हुन चाहन्छन्। यस संस्थामा आबद्ध हुन चाहनेहरूको मार्ग खुला गरिनुपर्छ । सदस्यता प्राप्त गर्न न्यूनतम शर्तहरू केही थपघट गर्नुपर्ने अवस्था छ भने, त्यो गर्नुपर्छ। तर पत्रकारिताको धर्म, मर्म र कर्तव्यसित सम्झौता गर्नुहुँदैन । एउटा पत्रकारको गलत कृत्यले पनि देशभरिका पत्रकारहरू कलङ्कित हुन पुग्छन्। बदनाम हुन पुग्छन् । पत्रकारिताको मर्यादालाई कायम राख्ने दायित्व र जिम्मेवारी केवल नयाँ पत्रकारहरूको मात्रै हुँदैन, पुराना पत्रकारहरूको पनि हो, सबैको एकनास हो।

यसपटकको निर्वाचनमा केन्द्रदेखि नै प्यानलबाजीको जाल च्यातिएको छ । प्रेस युनियन र प्रेस चौतारीको त एउटा घोषित प्यानल छ नै त्यसमा अटाउन नसकेकाहरू साझा प्यानलमा पनि स्थान पाउन भ्याएका छन् । नयाँ प्यानल बनाएका छन् । जिल्लास्तरमा त यो प्यानलबाजी छताछुल्ल नै भएको अवस्था छ । निर्वाचन परिणामहरू अनपेक्षित पनि आउन सक्छन् । नेपाल पत्रकार महासङ्घको चुनावमा पनि भोटको खरीद र बिक्री हुने गर्छ। खास गरीकन स्वतन्त्र उम्मेदवारहरूले यस्तो काम गर्छन् । नेपालमा जति दैनिक समाचारपत्र, अनलाइन र साप्ताहिक समाचारपत्रहरू छन्, त्यति भरसक भारतजस्तो विशाल देशमा पनि छैन होला। भारतमा भएपनि दक्षिण एशियाका अन्य देशहरूमा त अवश्य पनि छैनन्। च्याउझैं खुलेका यस्ता सञ्चारमाध्यमहरू आखिर कसरी टिकेका छन् ? जथाभावी अस्तित्वमा आएका यस्ता सञ्चारमाध्यमहरूको बाढीलाई रोक्न सकिएन भने स्तरीय समाचार र पत्रकारिताको अपेक्षा गर्नु गलत हुनेछ। नेपालमा पत्रपत्रिकाहरू कति बढी सङ्ख्यामा प्रकाशन–प्रसारणमा छन् भन्दा पनि महत्त्वपूर्ण कुरा हो यसको गुणस्तर कस्तो छ ? यसले निर्धारित मापदण्डको कति पालना गरेको छ, जनताको कति विश्वास जितेको छ ? भन्ने कुरा महत्त्वपूर्ण हो । सङ्ख्यामा होइन, यसको गुणस्तरमा जानु आवश्यक छ। समाचारपत्रको नाम पढ्ने बित्तिकै त्यसलाई छुन पनि नचाहने पाठकहरूको विश्वासलाई जित्ने काम त सञ्चारमाध्यमकै हो। यसको मेरुदण्ड मानिएका पत्रकारहरूको हो । पत्रकारहरूले आफ्नो छविलाई कायम राखेमा मात्रै सञ्चारमाध्यमको छवि पनि चम्किलो रहनेछ।



**स्वतन्त्र विचार**

**श्रीमन्नारायण**

an_shriman@yahoo.com

**अब पनि पुरानै प्रवृत्तिलाई महत्त्व दिने काम भयो भने यसको परिणाम झन् बढी प्रत्युत्पादक हुन सक्छ। नेपाल पत्रकार महासङ्घ केवल नाम मात्रको छाता सङ्गठन होइन, चर्को घाम र साउनको झरीमा सबै पत्रकारलाई छाया र आवरण प्रदान गर्ने काम गर्नुपर्छ।**

नेपालका पत्रकारहरूको छाता सङ्गठनको रूपमा नेपाल पत्रकार महासङ्घलाई घोषित मान्यताप्राप्त छ तर राजनीतिक आस्थाको प्रभाव समयसमयमा देखा परेका छन्। केन्द्रीय नेतृत्वमा पुगेकाहरू आफू सम्बद्ध राजनीतिक दलनिकटका पत्रकारहरूप्रति बढी उदार साबित भएका छन्। यसको असर नेपाल पत्रकार महासङ्घको सदस्यता नवीकरणमा पनि देखिएको छ। नेपाल पत्रकार महासङ्घको केन्द्रीय नेतृत्व यसपटक जति बढी विवादमा आयो, त्यति बढी विवादमा विगतमा आएको उदाहरण छैन । सदस्यता नवीकरणको औचित्य साबित नहुँदा पनि आफ्ना सामर्थकहरूको भीड (मतदाता सङ्ख्या) बढाउन र विरोधीहरूलाई सिध्याउन कथित शुद्धीकरणरूपी अस्त्रको प्रयोग गरी एक किसिमले नेपाल पत्रकार महासङ्घमा कोतपर्व नै गरियो । पत्रकारहरूको सङ्गठनलाई राजनीतिक दल ठान्ने काम हुनुहुँदैनथ्यो।

यस घटनाको प्रतिक्रिया पनि हुनु स्वाभाविक नै थियो। देशभरिका जिल्ला शाखाहरूमा तालाबन्दीको क्रम शुरू भयो। ज्ञापन, धर्ना र अनशन हुँदै तालाबन्दीसम्मको अवस्था आउन नदिने काम नेपाल पत्रकार महासङ्घको निवर्तमान नेतृत्वले गऱ्यो । तालाबन्दी केन्द्रीय कार्यालयसम्म गर्ने अवस्था आयो। तालाबन्दी पनि भयो। निर्धारित समयमा महाधिवेशन सम्पन्न गराउन असफल भएका निवर्तमान अध्यक्षहरूले आफ्नो पदबाट राजीनामा गरे । उनीहरूले आफ्नो उत्तराधिकारी घोषित गरेका पदाधिकारीले पनि राजीनामा दिने अवस्था आयो। अन्ततः नेपाल पत्रकार महासङ्घले कथित शुद्धीकरणमा परेका पुराना पत्रकारहरू जो गलत निर्वाचनमा पनि मतदाता थिए, तिनीहरूमध्ये सक्रिय रहेका पत्रकारहरूको सदस्यता नवीकरण गरिएपश्चात् महाधिवेशन सम्भव भएको हो। आजको निर्वाचनपश्चात् जिल्लादेखि केन्द्रसम्ममा नेतृत्वको टुङ्गो लाग्नेछ । निर्वाचनपश्चात् आउने नयाँ नेतृत्वले अहिलेसम्म देखिएका कमीकमजोरी र विकृतिहरूबाट सबक लिई विनाईर्ष्या, द्वेष र पूर्वाग्रह एक समान व्यवहारले सबैको विश्वास जित्ने काम गर्नुपर्नेछ। अब पनि पुरानै प्रवृत्तिलाई महत्त्व दिने काम भयो भने यसको परिणाम झन् बढी प्रत्युत्पादक हुन सक्छ। नेपाल पत्रकार महासङ्घ केवल नाम मात्रको छाता सङ्गठन होइन, चर्को घाम र साउनको झरीमा सबै पत्रकारलाई छाया र आवरण प्रदान गर्ने काम गर्नुपर्छ। आजको निर्वाचनमा सहभागी सबैलाई शुभकामना।

# भूमिगत सिंचाइ प्रणालीले सहज बन्दै कृषि पेशा

जनकपुरधाम, २७ मङ्सिर/रासस

किसानको खेतमा सिंचाइ सुविधा पुऱ्याउनका लागि भूमिगत सिंचाइ प्रणाली अत्यन्त महत्त्वपूर्ण एवं प्रभावकारी हुँदै गएको छ। मधेस प्रदेश सरकारले धनुषा र महोत्तरी जिल्लामा भूमिगत सिंचाइ प्रणालीको माध्यमबाट सिंचाइ सुविधा पुऱ्याउन थालेपछि कृषि पेशा सहज बन्दै गएको हो।

आकाशे पानीको भरमा, नहर तथा नदीनालाबाट सिंचाइको व्यवस्था गर्नुपर्नेमा यो प्रविधि किसानका लागि वरदान साबित भएको बर्दिवास–२ का किसान श्याम महतोले बताए।

यो प्रविधिबाट खेतीका लागि सिंचाइका साथै खानपिन तथा दैनिक जीवनमा समेत प्रयोग भइरहेको उनले उल्लेख गरे। कृषि पेशामा आबद्धलाई अहिले भूमिगत सिंचाइबाट खेती गर्न सहज भएको उनले बताए।

जलस्रोत तथा भूमिगत सिंचाइ विकास डिभिजन कार्यालय, महोत्तरीद्वारा धनुषा र महोत्तरीका ग्रामीण क्षेत्रमा जडान गरिएको डीप टच्युबेल र 'पावरड्रिल'बाट सिंचाइ सुविधा पुऱ्याइरहेको जनाइएको छ।

एउटा डीप टच्युबेलबाट ४० बिघा खेत सिञ्चित हुने गरेको कार्यालयका इन्जिनीयर अमलेश यादवले जानकारी दिए। उनका अनुसार दुवै जिल्लामा गरी हालसम्म ३५ वटा डीप टच्युबेल जडान भएर एक हजार चार सय बिघा कृषियोग्य जमीन सिञ्चित भइरहेको छ।

एउटा डीप टच्युबेलको संरचना निमार्णदेखि सञ्चालन गर्दाको अवस्थासम्म रु एक करोडभन्दा बढी खर्च हुने गरेको यादवले बताए। गत आर्थिक वर्षमा पाँचवटा डीप टच्युबेलको निर्माण प्रक्रिया शुरू भएको थियो। एउटा निर्माणमा रु ३० लाखसम्म खर्च भएको भन्दै चालू आवमा थप खर्च गरेर निर्माण सम्पन्न गरिने कार्यालयले जनाएको छ। अहिले पाँचवटाको निर्माणमा रु एक करोड ५० लाख खर्च भइसकेको छ।

हालसम्म ५० वटा पावरड्रिल निर्माण भई सञ्चालनमा रहेका कार्यालयका इन्जिनीयर यादवले जानकारी दिए। एउटा पावरड्रिलबाट नौ बिघा जमीनमा सिंचाइ हुने गरेको छ। एउटा पावरड्रिल निर्माणदेखि सञ्चालनसम्ममा रु १६ लाख लाग्ने गरेको उनको भनाइ छ। कार्यालयबाट प्राप्त विवरण अनुसार गत आर्थिक वर्षदेखि हालसम्म ८१ पावरड्रिल निर्माण प्रक्रियामा छन्।

दुवै जिल्लामा डीप टच्युबेल तथा पावरड्रिलबाट एक हजार ८५० बिघामा सिंचाइ भइरहेको कार्यालय प्रमुख नयन पोखरेलले जानकारी दिए। डीप टच्युबेल निमार्ण उपभोक्ता समितिबाट भइरहेको छ।

मधेस प्रदेश सरकार अन्तर्गत रहेको सो कार्यालयका लागि चालू आर्थिक वर्षमा बजेट विनियोजन कम भएकाले काममा समस्या हुँदै आएको कर्मचारीले बताएका छन्।

भूमिगत सिंचाइका लागि २०४१ सालमा स्थापना भएको कार्यालयबाट निर्माण भएको एक दर्जन डीप टच्युबेलको ट्रान्सफर्मर चोरी भएको इन्जिनीयर यादवले बताए। सम्बन्धित प्रहरी कार्यालयमा पटकपटक लिखित तथा मौखिकरूपमा जानकारी गराइए हालसम्म कसैलाई कुनै कारबाई नभएको उनले गुनासो गरे। ट्रान्सफर्मरमा तामाको क्वायल रहने हुँदा चोरी हुन सक्ने उनले उल्लेख गरे।

# गुणस्तरीय खानेपानी उपलब्ध गराउन दीर्घकालीन समाधान खोजिदै

काठमाडौं, २७ मङ्सिर/रासस

खानेपानीमन्त्री प्रदीप यादवले गुणस्तरीय र सुरक्षित खानेपानी उपलब्ध गराउनका लागि दीर्घकालीन समाधान खोज्ने काम भइरहेको बताएका छन्।



खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, राष्ट्रिय खानेपानी एवं सरसफाइ उपभोक्ता महासङ्घ (फेडवास)द्वारा संयुक्तरूपमा आयोजना गरिएको 'खानेपानी तथा सरसफाइ पैरवी राष्ट्रिय शिखर सम्मेलन'मा उनले सरकारले सीमित स्रोतसाधनको अधिकतम उपयोग गर्दै नागरिकलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउने प्रयास गरिरहेको जानकारी दिए।

उनले भने, "खानेपानी तथा ढल व्यवस्थापन विभागको तथ्याङ्क अनुसार करीब २७ प्रतिशत नेपालीले मात्र सुरक्षित खानेपानीको पहुँच पाएका छन्। यसको मतलब अहिले पनि करीब ७३ प्रतिशत नेपाली नागरिकलाई स्वच्छ खानेपानीको पहुँच सुनिश्चित गर्न बाँकी छ । यसलाई १६औं योजनाको अन्त्यसम्ममा ४५ प्रतिशत पुऱ्याउनका लागि ठोस नीति, पर्याप्त बजेट र दिगो योजना आवश्यक छ।"

खानेपानी मन्त्रालयका सचिव प्रमिलादेवी शाक्य बज्राचार्यले खानेपानी तथा सरसफाइ क्षेत्रले जलवायु परिवर्तन, सीमित बजेट र जनसङ्ख्याको वृद्धि जस्ता चुनौतीको सामना गरिरहेको बताए।

**सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८**

# अर्थ - उद्योग - वाणिज्य

## ऊर्जा सस्तो पार्नु हाम्रोलागि ठूलो चुनौती

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**हामीले आर्थिक विकासको गतिलाई तीव्रता दिने हो भने हामीले जसरी भएपनि ऊर्जा उत्पादन सस्तो पार्नेपर्छ। ऊर्जा सस्तो नभएसम्म हामीलाई हाम्रो गरीबीले सदासर्वदा पछ्याइनै रहनेछ। यो समय कसरी ऊर्जा उत्पादन सस्तो पार्न सकिन्छ भनी सोच्ने समय हो।**

यो आधुनिक युग ऊर्जाको जगमा उभिएको छ। ऊर्जा उपलब्ध नहुने हो भने यो मानव सभ्यता नै रोकिने स्थितिमा अहिले हामी बाँचिरहेका छौं। हामीलाई यातायातको लागि ऊर्जा चाहिन्छ। उद्योगको लगि ऊर्जा चाहिन्छ। व्यापारको लागि ऊर्जा चाहिन्छ। स्वास्थ्य, सुरक्षा र सफाइका लागि ऊर्जा चाहिन्छ।

घरभित्रको नै कुरा गर्ने हो भने हामीलाई बैठक, सुत्ने कोठादेखि लिएर बाथरूमसम्म पनि ऊर्जा चाहिन्छ। अर्थात् ऊर्जाको अभावमा हाम्रो जीवन कठिन हुने अवस्था छ। तर आश्चर्य ! यति महत्त्वपूर्ण ऊर्जा हामीकहाँ महँगो छ। ऊर्जा उत्पादन सस्तो हुन सकेको छैन।

बर्सेनि हामीले ठूलो मात्रामा ऊर्जा (पेट्रोलियम पदार्थ) आयात गर्नुपरेको छ। ऊर्जाको लागि केवल एउटै स्रोतमाथि अति आश्रित हुनुपरेको छ। भारतमाथि आश्रित हुनुपरेको छ। भारतबाट वा भारतीय भूमि भएर हामीले ऊर्जा आयात गर्नुको विकल्प नै छैन। पेट्रोलियम पदार्थ चीनबाट आयात गर्न सक्ने स्थितिमा हामी छैनौं। चीनबाट पेट्रोलियम पदार्थ कसरी आयात गर्न सकिन्छ भन्नेबारेमा हामीले ठोसरूपमा सोचेका पनि छैनौं। पेट्रोलियम पदार्थको लागि वर्षौंदेखि भारतप्रति आश्रित रहँदै आएका छौं। भारतप्रति हाम्रो अति निर्भरता कसरी घटाउने त्यसबारेमा सोचेकासम्म पनि छैनौं। भारतबाट हुने पेट्रोलियम पदार्थको आयातलाई सहज पार्न भारतको मोतिहारीदेखि अमलेखगंजसम्म भारतको खर्चमा पाइपलाइन निर्माण गर्न लगाएर ऊर्जा (पेट्रोलियम पदार्थ)का लागि भारतप्रतिको अति निर्भरतालाई झनै चुलीमा पुग्न सहयोग गरेका छौं। तर आफूले कसरी पेट्रोलियम पदार्थका लागि भारतप्रतिको अति निर्भरतालाई घटाउनेबारे सोचेका छैनौं। ऊर्जाको सन्दर्भमा यहाँ केवल पेट्रोलियम पदार्थको कुरा गरिएको हो। यस आलेखमा ऊर्जाको अर्को स्रोत, जलविद्युत्बारे विशेष किसिमले उल्लेख गर्न खोजिएको छैन।

नेपालमा प्रजातन्त्र स्थापना (२०४७) भएको तीन दशक समाप्त भएर चौथो दशक प्रारम्भ भएको छ। यो तीन दशकमा हामीले ऊर्जा उत्पादनमा कसरी आत्मनिर्भर हुनेबारे गम्भीरतापूर्वक सोचेनौं। खासगरी पेट्रोलियम पदार्थको विकल्पबारे र भारतबाट हुने पेट्रोलियम पदार्थ आयातको विकल्पबारे गम्भीरतापूर्वक सोचेनौं। मुलुकको राजनीतिले पेट्रोलियम पदार्थका लागि भारतप्रतिको अति निर्भरता कसरी घटाउने विषयलाई महत्त्व दिएन। राजनीतिक दल र तिनका नेताहरू केवल शक्ति र सत्ताको पछि लागे। ऊर्जा उत्पादनमा कसरी हामी आत्मनिर्भर हुनेबारे सोचेनन्।

ऊर्जा र मुख्यगरी पेट्रोलियम पदार्थ आपूर्तिमा हामी पूर्णरूपेण भारतप्रति निर्भर रहेको स्थितिले हाम्रो राष्ट्रिय स्वाधीनता पनि प्रभावित हुन पुगेको छ। भारतले केवल एक हप्ता मात्र पनि आफ्नो देशबाट नेपालतिर पेट्रोलियम पदार्थ निर्यात नगर्ने हो भने हाम्रो दैनिक जीवन अस्तव्यस्त हुन पुग्छ। एक किसिमले रोकिन पुग्छ। यो स्थितिको भारतले निकै फाइदा उठाएको छ। पेट्रोलियम पदार्थका लागि भारतप्रतिको हाम्रो अति निर्भरतालाई भारतले आफ्नो त्यस्तो शक्तिको रूपमा उपयोग गरेको छ, जुन शक्ति प्रयोग गरेर भारतले नेपालमा 'माइक्रो मैनेजमेन्ट' गर्छ। हाम्रा सानासाना घरेलु कुराहरूमा पनि भारतले हस्तक्षेप गर्छ। हाम्रो राष्ट्रिय राजनीतिमा भारतलाई हरघडी उपस्थित रहन ऊर्जाका लागि भारतप्रति हाम्रो अति निर्भरताले सजिलो पारिदिएको छ। यदि ऊर्जाका लागि भारतप्रतिको हाम्रो अति निर्भरतालाई समाप्त पार्ने हो भने भारतले अहिलेको जस्तो नेपालको राजनीतिमा हस्तक्षेप गर्न पाउँदैन। तर हामीले ऊर्जा उत्पादनको क्षेत्रलाई प्रभावकारी नतुल्याएर, भारतबाट हुने पेट्रोलियम पदार्थ अति आयातको विकल्प नखोजेर हाम्रो राष्ट्रिय राजनीतिमा भारतलाई सजिलै हस्तक्षेप गर्ने मौका दिएका छौं। स्वयम् आफैंले त्यो अवसर प्रदान गरेका छौं।

अब प्रसङ्ग परिवर्तन गरौं। ऊर्जा उत्पादनलाई सस्तो पार्नेबारे चर्चा गरौं।

अबको यो समयमा हामीले ऊर्जा उत्पादनमा कसरी आत्मनिर्भर हुने भनी सोचेर मात्र हुँदैन। अब हाम्रोअगाडि अर्को चुनौती पनि थपिएको छ। त्यो चुनौती कसरी सस्तोमा ऊर्जा उत्पादन गर्ने र कसरी जनतालाई सस्तोमा ऊर्जा उपलब्ध गराउने हो।

ऊर्जा र आर्थिक विकासबीच प्रत्यक्ष सम्बन्ध छ। यसैगरी, ऊर्जा र समृद्धिबीच पनि प्रत्यक्ष सम्बन्ध छ। हामीले आर्थिक विकास गर्न तथा देश र जनतालाई धनी पार्ने ऊर्जा उत्पादन सस्तो पार्नैपर्छ। यसको विकल्प छैन। देशमा ऊर्जा उत्पादन सस्तो नभएसम्म देशले आर्थिक विकास गर्न सक्तैन। जनता समृद्ध हुन सक्तैन। हामी गरीबीको कुचक्रबाट कहिले पनि बाहिर आउन सक्तैनौं।

ऊर्जाका दुई प्रमुख स्रोत– पेट्रोलियम पदार्थ र जलविद्युत् हामीकहाँ अति महँगा छन्। पेट्रोलियम पदार्थ त झनै महँगो छ। पेट्रोलियम पदार्थ अति महँगो भएकोले यातायात लागत झनै महँगो हुन पुगेको छ। समग्रमा भन्ने हो भने जलविद्युत् र पेट्रोलियम पदार्थ अति महँगो भएकोले हाम्रो जीवन लागत (Cost of living) उच्च हुन पुगेको छ। अति महँगो हुन पुगेको छ। बहुसङ्ख्यक व्यक्तिहरूले महीनाभरिमा जति आम्दानी गर्छन्, त्यस आम्दानीको ठूलो भाग महँगो ऊर्जाद्वारा महँगो पारिएका वस्तु एवं सेवाहरूको खरीदमा खर्च गर्छन्। महँगो ऊर्जाले सबै वस्तु एवं सेवालाई प्रभाव पारेकोले हामीले उपभोग गर्ने सबै वस्तु र सेवा महँगो हुन पुगेका छन्। यसले गर्दा अति महँगीको स्थितिमा हामी बाँच्नुपरेकोले बहुसङ्ख्यक व्यक्तिले बचत गर्न सकेका छैनन्। जति आर्जन गरिरहेका छन्, त्यो आर्जन केवल जीवनयापनमा समाप्त भइरहेको छ। बचत हुन सकेको छैन। बहुसङ्ख्यक व्यक्ति बचत गर्न सक्ने स्थितिमा नभएकाले हाम्रो राष्ट्रिय बचत पनि ठूलो हुन सकेको छैन। राष्ट्रिय बचत सानो भएकोले हामी ठूला लगानीका परियोजनाहरूमा आफैंले लगानी गर्न सकिरहेका छैनौं। उल्टो लगानी गरिदिन अनेक सङ्घसंस्था, राष्ट्रहरूको अगाडि हात पसारिरहेका छौं। भीख मागिरहेका छौं।

हामीले ऊर्जा उत्पादन सस्तो पार्ने हो। मुख्यगरी जलविद्युत्लाई अति सस्तो पार्ने हो, भारतबाट हुने पेट्रोलियम पदार्थ अति आयात स्थितिमा सुधार ल्याउने हो भने निश्चय पनि हामीले जीवन लागत कम पार्न सक्छौं। मध्यमवर्गीय (आम्दानीको हिसाबले) परिवारलाई पनि बचत गर्न सक्ने स्थितिमा पुऱ्याउन सक्छौं। राष्ट्रिय बचतमा वृद्धि गर्न सक्छौं। राष्ट्रिय बचतलाई ठूलो पारेर आफ्नै देशभित्रबाट नै ठूलाठूला परियोजनाहरूमा लगानी गर्न सक्ने स्थिति ल्याउन सक्छौं।

धनी देशहरू खासगरी, अमेरिका, बेलायत, जर्मनी, फ्रान्स आदि सस्तोमा ऊर्जा उत्पादन गर्न सक्षम भएर नै धनी भएका हुन्। आफ्नो जनतालाई सस्तोमा ऊर्जा उपलब्ध गराएर धनी भएका हुन्। उद्योग र व्यापारको क्षेत्रलाई सस्तोमा ऊर्जा उपलब्ध गराउन सक्षम भएर नै धनी भएका हुन्। अमेरिकाको यातायात व्यवस्था ऊर्जा सस्तो भएकोले नै सस्तो हुन पुगेको छ। व्यक्तिहरूको आम्दानीको तुलनमा अमेरिकामा ऊर्जाको मूल्य ज्यादै नै सस्तो छ। अमेरिकामा ऊर्जा सस्तो भएकोले, पेट्रोलियम पदार्थ सस्तो भएकोले, एक निम्न आय भएको व्यक्ति पनि अमेरिकामा कार राख्न अर्थात् कार प्रयोग गर्न आर्थिक हिसाबले सक्षम छ। ऊर्जा सस्तो भएकोले नै अमेरिकामा जीवन लागत पनि सस्तो छ। बहुसङ्ख्यक व्यक्ति बचत गर्न सक्षम छन्। बहुसङ्ख्यक व्यक्ति बचत गर्न सक्षम भएकोले अमेरिका धनी हुन पुगेको छ। विश्वको सर्वाधिक धनी राष्ट्र हुन पुगेको छ।

हामीले आर्थिक विकासको गतिलाई तीव्रता दिने हो भने हामीले जसरी भएपनि ऊर्जा उत्पादन सस्तो पार्नेपर्छ। ऊर्जा सस्तो नभएसम्म हामीलाई हाम्रो गरीबीले सदासर्वदा पछ्याइनै रहनेछ। यो समय कसरी ऊर्जा उत्पादन सस्तो पार्न सकिन्छ भनी सोच्ने समय हो। यो सोच्ने जिम्मेवारी सबैको हो। जनता, नेता सबैको हो।




**धानको व्यापार:** महोत्तरीको मनरा सिसवा नगरपालिका–६ मा चीसो मौसममा खुला आकाशमुनि बिक्री गर्न किसानले ल्याएको धान। तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

## विद्युतीय गाडीले घटाएनन् भाडा

हिमाल लम्साल/
वीरगंज, पर्सा २६ मङ्सिर/रासस

हेटौंडा उपमहानगरपालिका–१४ का गोकुल ढुङ्गाना टाटासुमोमा कोचिएर



बल्खु–सिस्नेरीको बाटो हुँदै हेटौंडासम्मको यात्रा धेरैपटक गरेका छन्। चाडपर्वको समयमा त चालकसहितको ११ सिटको टाटासुमोमा कोचिएर १३ जनाले पनि यात्रा गरेको उनलाई हिजो जस्तै लाग्छ। अहिले यही रूटमा भने सार्वजनिक विद्युतीय सवारीसाधन 'इभी हाइस' सञ्चालन भएदेखि उनीजस्तै धेरै यात्रीले केही हदसम्म भएपनि सहज महसूस गर्दै आइरहेका छन्। "टाटासुमोमा तीनजनाको सिटमा कोचिएर चारजना यात्रीले यात्रा गर्दा निकै सकस हुन्थ्यो," यात्री ढुङ्गानाले भने, "अहिले त छिटफुटरूपमा चल्ने इभी हाइसले तुलनात्मकरूपमा धेरै सहज बनाएको छ। यसले त कम्तीमा सिट सङ्ख्या अनुसारकै यात्री ओसार्ने भएकोले पनि राहत महसूस भएको छ।"

उनी इन्धनबाट चल्ने टाटासुमो र विद्युत्बाट चल्ने इभी हाइसको भाडा उस्तै हुँदा भने मन खिन्न भएको बताउँछन्। "इभी गाडी चढेपछि त यो रूटको भाडा घट्ला भन्ने लागेको थियो तर अहिले पनि भाडा उस्तै छ," उनले भने, "इभी र अन्य गाडीको उस्तै भाडा त व्यावहारिक भएन नि !" ढुङ्गाना मात्रै होइन, अधिकांश यात्री पछिल्लो समय काठमाडौं–हेटौंडा–वीरगंज रूटमा टाटासुमोभन्दा इभी हाइसमा यात्रा गर्न सहज मान्न थालेका छन्।

वीरगंज महानगरपालिका–१६ नगवाका राधेकृष्ण कुशवाहा पनि भरसक इभी हाइसमा नै यात्रा गर्ने बताउँछन्। "टाटासुमोमा धेरैपटक अटेसमटेस हुँदै यात्रा गऱ्यौं। तर बिजुली बसमा यात्रा गर्दा छुट्टै खालको अनुभव हुने रहेछ," उनले भने, "न त आवाज नै आउने, न त वातावरण नै प्रदूषण हुने। स्वदेशमा नै उत्पादन भएको बिजुलीबाट चल्ने भएकाले पनि धेरैको रोजाइको विषय बनेको छ।"

टाटासुमो र इभी हाइसको एउटै भाडा हुनु दुर्भाग्यपूर्ण भएको उनी बताउँछन्। "बिजुलीबाट चल्ने गाडी र टाटासुमोको एउटै भाडादर हुनु कति पनि सुहाएको छैन," उनले भने, "यसमा कम्तीमा पनि राज्यले हस्तक्षेप गरेर छुट्टै भाडादर तोक्न जरुरी भइसकेको छ।" डेढ वर्षदेखि वीरगंज–हेटौंडा–काठमाडौं रूटमा बागमती प्रदेश ००१ ज ४३३ नम्बरको ११ सिटे इभी हाइस चलाउँदै आएका सवारीचालक अनिल लामाले यो रूटमा इभी हाइस सञ्चालनमा कुनै पनि समस्या नरहेको बताउँछन्। "वीरगंज–हेटौंडा हुँदै काठमाडौंको बल्खुसम्म ओहोरदोहोर गर्नका लागि एक हजार १०० को चार्जिङले पुग्छ," उनले भने, "पछिल्लो समय यो रूटमा इभी हाइस सवारीसाधन थप्ने क्रम बढिरहेको छ।"

चालक लामाको परिवारले गत डेढ वर्ष अघि चारवटा इभी हाइस किनेर सञ्चालन गर्दै आइरहेको छ। "४५ लाख रुपियाँ खर्चेर केवाइसी इभी हाइस विद्युतीय गाडी किन्यौं। यसमा डाइभर सिटसहित ११ वटा सिट हुनेगर्छ।" ११ सिटे इभी हाइसले बल्खुदेखि–हेटौंडा–वीरगंजसम्मको यात्री पाएको खण्डमा मासिक रु दुई लाख हाराहारीमा आम्दानी हुन्छ। "सिट क्षमता अनुसारको यात्री पाउने हो भने त कमाई राम्रै छ," उनले भने, "सबै खर्च कटाएर दैनिक साढे छ हजार बचत हुने गरेको छ।"

यो रूटका वीरगंज–हेटौंडा–बल्खु रूटमा चल्ने इभी हाइसले रु ८५० भाडा लिने गर्छन्। त्यस्तै, टाटासुमोको भाडा पनि सोही ८५० रुपियाँ नै छ। पेट्रोलियम पदार्थबाट चल्ने सार्वजनिक सवारीसाधनको तुलनामा विद्युतीय सवारीसाधनको लागत खर्च पनि धेरै कम हुने गर्छ तर इभीका सवारीसाधनको भाडा भने उस्तै छ। सर्वसाधारणले इभी र पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनको फरक अनुभूति भने गर्न पाइरहेका छैनन्। यही रूटमा चल्ने टाटासुमोका लागि भने दैनिक आउजाउ गर्न मात्रै रु साढे पाँच हजारसम्मको इन्धन खर्च लाग्ने गर्छ।

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोषले सार्वजनिक विद्युतीय सवारीसाधनतर्फ सर्वसाधारणको आकर्षण बढे पनि भाडादर उस्तै हुँदा यात्रीले फरक अनुभूति गर्न नपाएको बताउँछन्। "पेट्रोलियम पदार्थबाट चल्ने सार्वजनिक सवारीसाधन र बिजुलीबाट चल्ने सार्वजनिक सवारीसाधनको खर्च धेरै कम छ," उनले भने, "विद्युतीय सार्वजनिक सवारीसाधनले भाडा उस्तै राख्दा पनि सर्वसाधारणको सोतर्फ आकर्षणलाई अझै बढाउन सकिने थियो।"

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजय स्वाँरले विद्युतीय माइक्रोबस, हाइस र सानो माइक्रोलगायतका सवारीसाधन थपिने क्रम बढ्दै गइरहेको बताए। "सार्वजनिक यातायात पनि विद्युतीय गाडीमा जानुपर्छ भन्नेमा महासङ्घ सकारात्मक नै छ। लगानीकर्ताले लगानी गरिसकेपछि लगानीको संरक्षण हुनैपर्छ।" उनले भने, "हामी पनि सकभर इभी गाडीमा जानेतर्फ सकारात्मक भइरहेका छौं।"

विद्युतीय सार्वजनिक सवारीसाधनमा इन्धन खर्च ह्वात्तै घटे पनि सार्वजनिक सवारीसाधनको भाडा भने घटेको छैन। सर्वसाधारणले विद्युतीय सार्वजनिक सवारीसाधन र इन्धनबाट चल्ने सवारीसाधनको भाडा उस्तै तिर्दै आइरहेका छन्। यातायात व्यवस्था विभागले शहरी क्षेत्रमा चल्ने विद्युतीय र इन्धनबाट चल्ने ट्याक्सीको भाडादर छुट्टाछुट्टै कायम गरेको छ। तर अहिलेसम्म सार्वजनिक विद्युतीय सवारीसाधनको भाडा भने कायम गर्न सकेको छैन। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष स्वाँर विद्युतीय सार्वजनिक सवारीसाधनको लागत धेरै र यसको ह्रासकट्टी छोटो समयमा हुने भएकोले पनि अपेक्षाकृतरूपमा भाडा घटाउन नसकिएको बताउँछन्।

"इन्धनबाट चल्ने सार्वजनिक सवारीसाधन ढुक्कले २० वर्षसम्म चल्न सक्छ," उनले भने, "विद्युतीय सवारीसाधनको ब्याट्रीको आयु नै पाँच वर्षको हुने गर्छ। अर्कोतर्फ विद्युतीय

(बाँकी चौथो पातामा)

# कृषिजन्य उद्योग, दिगो विकास र हरित अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**आफ्नै स्रोतसाधनबाट परिचालन गर्न सकिने कृषिसँगै उद्योगबाट दिगो विकासको आधार तयार गर्न सकिन्छ। त्यसैले सामाजिक, आर्थिक तथा वातावरणीय न्याय सुनिश्चित गरी दिगो र वातावरणमैत्री हरित अर्थतन्त्रको विकास नै अबको एकमात्र मार्गचित्र हो।**

कुनै पनि मुलुकमा विकास तथा समृद्धि ल्याउन सबैभन्दा पहिले त्यहाँको स्थानीय स्रोत/साधन, जनशक्ति, ज्ञान तथा प्रविधिलाई पहिचान गरी त्यसको अधिकतम वा दिगो सदुपयोग गर्नुपर्छ। विकास तथा समृद्धि भनेको नै कुनै एक क्षेत्रको मात्र उन्नति, प्रगति नभई, यो एउटा बहुआयामिक प्रक्रिया हो, जसले आर्थिक तथा सामाजिक क्षेत्रका समग्र पक्षहरूलाई समेटेको हुन्छ। विकासले जनताका जीवनयापनका प्राथमिक आवश्यकता जस्तै गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगार तथा सहजता आदिमा समान वितरणको सिद्धान्तलाई आत्मसात् गरेको हुन्छ। त्यस्तै, विकास तथा समृद्धिका क्रममा आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरण तथा पर्यावरणमा कुनै हानि–नोक्सानी नपुर्‍याइकन विकास प्रक्रियालाई निरन्तरता दिइराख्नु नै दिगो विकास हो।

जलवायु परिवर्तनका कारणले सिर्जना भएको विश्वव्यापी वातावरणीय सङ्कटको परिदृश्यमा हरित अर्थतन्त्र र दिगो तथा वातावरणमैत्री विकास आजको आवश्यकता हो। प्राकृतिक साधन स्रोत, सम्पदा र वातावरणको असीमित दोहनमार्फत गरिने विकास, विकास होइन, विनाश हो। विगतमा विकासका नाममा विनाश गरिएको कारणले अहिले यस्तो गम्भीर पर्यावरणीय सङ्कट सिर्जना भएको हो। यही पर्यावरणीय सङ्कटका कारण विश्वव्यापी तापक्रम वृद्धि तथा जलवायु परिवर्तन जस्तो जटिल समस्या सिर्जना भएको छ भने भावी पुस्ताले थप मूल्य चुकाउनुपर्नेछ। यदि हरित अर्थतन्त्रको अवधारणा अनुसार दिगो र वातावरणमैत्री विकास नीति अनुसरण गरी भौतिक विकास निर्माण र वातावरणबीच सन्तुलन कायम गरिएन भने भविष्यमा यसले थप जटिल चुनौती ल्याउने निश्चित छ।

हरित अर्थतन्त्र भन्नाले दिगो र वातावरणमैत्री विकास अवधारणा हो। हरित अर्थतन्त्रले हरित आर्थिक वृद्धि तथा हरित रोजगार प्रवर्द्धन गर्छ। यसैगरी, प्राकृतिक साधन स्रोतको न्यायोचित प्रयोग, वातावरण तथा जैविक विविधताको संरक्षण, वातावरणमैत्री पूर्वाधार विकास, जलवायु परिवर्तन अनुकूलता, न्यून कार्बन उत्सर्जन तथा नवीकरणीय र स्वच्छ ऊर्जा हरित अर्थतन्त्र विकासका आधार हुन्। यस्तो विकास दिगो र वातावरणमैत्री हुन्छ। सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न पनि हरित अर्थतन्त्रको विकल्प देखिएको छैन। त्यसैले वातावरणीय सन्तुलनलाई मध्यनजर गरी जलवायु परिवर्तनको मुद्दाप्रति संवेदनशील हुनुपर्छ तथा आर्थिक विकास र भौतिक पूर्वाधार निर्माण गर्दा जलवायु परिवर्तन अनुकूलतालाई विशेष प्राथमिकता दिनुपर्छ। यही वास्तविकतालाई आत्मसात् गर्दै सन् २०४५ मा नेपाललाई शून्य कार्बन उत्सर्जन राष्ट्र बनाउने प्रतिबद्धता अनुसार हरित तथा उत्पादनशील प्रकृतिको आर्थिक विकास, वन क्षेत्रको संरक्षण, कार्बन क्रेडिटबाट आर्थिक उपार्जन, जैविक विविधताको संरक्षण, स्वच्छ ऊर्जा प्रवर्द्धनजस्ता हरित नीति अनुसरण गर्नुपर्छ।

संसारको सबभन्दा पुरानो पेशा मानिँदै आएको कृषि विगतदेखि हालसम्म जीवनयापनका साथै विकास तथा समृद्धिको प्राथमिक पक्ष रहँदै आएको छ। विगतमा कृषि उत्पादन जीवन निर्वाहका लागि गरिएको भएपनि १९औं र २०औं शताब्दीमा विश्वमा आएका राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक बदलावका कारण कृषि उत्पादनको स्वरूपमा पनि व्यापक परिवर्तन भई अझ परिस्कृत भएको छ। त्यसैले समृद्धि उन्मुख तथा परिवर्तनको सङ्क्रमणकालीन अवस्थामा रहेको र अर्थतन्त्रका अन्य बलिया पूर्वाधार नभएको अवस्थामा नेपालको दिगो विकास तथा समृद्धिका लागि हरित अर्थतन्त्रको विकास गर्नु अपरिहार्य भएको छ। उचित हावापानी भएको हिसाबले यहाँ कृषि व्यवसायको प्रचुर सम्भावना रहेको छ। तराईका फाँटमा धान, मकै, गहुँलगायत उखु, केरा खेती फस्टाउन सक्ने सम्भावना छ। तराईमा मलिलो भूमि र खेतीयोग्य हावापानी भएको हुनाले प्रशस्त मुनाफा गर्ने प्रकारका अन्नबाली लगाउन सकिन्छ। सिंचाइलाई कम लागतमा खेतका गरागरामा पुर्‍याउन सकिन्छ। पहाडी तथा तराई क्षेत्रमा ठूला एवं सम्भावना बोकेका नदीका कारण कृषिलाई सिञ्चित गर्न र विद्युतीय माध्यमबाट खेती गर्न सकिने सम्भावना त्यत्तिकै छ। त्यसैगरी, हिमाली क्षेत्रमा जडीबुटीको उत्पादनले देशको आर्थिकस्तर सहजै माथि उकासिन सक्ने सम्भावना पनि त्यत्तिकै छ। मुलुकको दिगो आर्थिक विकासका साथै हरित अर्थतन्त्रलाई उपलब्धिमूलक बनाउन सकियो भने नेपालको गरीबी निवारणमा समेत टेवा पुर्‍याउन सकिन्छ। तर नेपालको कृषि व्यवसाय हालसम्म पनि मौसमी खेतीमा भर परिरहेको अवस्था छ। कृषिमा आधुनिकीकरण गरी उत्पादन बढाउन सकिन्छ।

कुनै समय विश्वबजारमा अत्यधिक बलिया र आर्थिक उपार्जनका रूपमा मानिएका आर्थिक क्षेत्रसमेत समयक्रमसँगै धराशयी बन्दै गएको औद्योगिक पृष्ठभूमिमा कृषि यस्तो क्षेत्र हो, जो जीवन रहेसम्म रहन्छ। अर्थात् जबसम्म कृषि छ, तबसम्म जीवन रहन्छ। उचित प्रविधिको प्रयोग गर्न सकियो भने कृषिले औद्योगिक क्षेत्रलाई तल पार्न सक्छ। उदाहरणका लागि छिमेकी मुलुक भारतको पञ्जाब प्रान्तमा कृषि क्षेत्रले गरेको विकास हेर्न सकिन्छ। त्यस्तै, कृषि विकासको गतिमा उल्लेख्य फड्को मारेका चीन, कोरिया, नजीकको छिमेकी बङ्गलादेश जस्ता मुलुकलाई हेर्ने हो भने त्यसले आधुनिक प्रविधिको प्रयोगमा बढी जोड दिने गरेका छन्। यसबाट पाठ सिकेर नेपालले पनि बेलैमा कृषिमा लगानी बढाउन सक्नुपर्छ। नेपाललाई आर्थिक समृद्धिका प्रमुख आधारहरू प्रकृतिले सित्तैमा दिएको छ। तिनको मात्र सही, व्यवस्थित र उपयुक्त किसिमले परिचालन एवं सदुपयोग गर्न सक्यौं भन्ने मात्र पनि मुलुकमा हरित अर्थतन्त्रबाट समृद्धि सम्भव छ। तर यसका लागि सुशासनको प्रतिबद्धता, सुरक्षा र लगानीमैत्री वातावरणको सिर्जना, कृषि, सिंचाइ र स्रोत संरक्षण प्रविधिको दिगो व्यवस्थापन तथा स्थानीय तहमा रोजगारका अवसरहरूको विस्तार गर्न सक्नुपर्छ।

नेपालको संविधानको मूल सार नै समाजवाद उन्मुख राष्ट्रनिर्माण गर्ने उल्लेख छ। समाजवादी शासन अर्थ व्यवस्थाका मूलभूत विशेषताहरू भनेको नै उत्पादकत्व वृद्धि, उत्पादनका साधन–स्रोतमाथि स्थानीय, समुदाय, उत्पादक र श्रमिक वर्गको पहुँच र नियन्त्रणको सुनिश्चितता, खुला र प्रतिस्पर्धी बजारको विकास एंव पूँजीमा वृद्धि, समन्यायिक कर प्रणाली, पूँजीको पुनः वितरण र स्वतन्त्र सामुदायिक जनसङ्गठनको विकास र समृद्ध समावेशी राष्ट्रनिर्माण आदि हुन्। मुलुकको प्राकृतिक स्रोत, साधन (जल, जङ्गल, जमीन)को दिगो व्यवस्थापन गर्दा समाजवादी अर्थव्यवस्थाका यिनै विशेषताहरूलाई आधार मानेर गर्नुपर्छ। हरित अर्थतन्त्रको विकासका लागि कृषिजन्य उद्योगहरूको वैज्ञानिक व्यवस्थापन र स्थापना फस्टाउन नसकेका हुन्। यी चुनौतीहरूमा कृषि क्षेत्रका संरचनात्मक मुद्दाहरू र व्यापार स्थिरता र नाफालाई असर गर्ने बाह्य धेरै कारण प्रमुख रहेका छन्। तीमध्येको प्रमुख कारक हो, कम उत्पादकता र अक्षम खेती अभ्यासहरू। आधुनिक कृषि प्रविधि र मेशिनरीको प्रयोग अत्यन्त कम छ, जसले उत्पादन दक्षतामा असर पार्छ र उच्च लागत निम्त्याउँछ। अर्कोतर्फ पूर्वाधारको अभावको पनि कृषिजन्य उद्योग व्यवसायको लागि दोस्रो ठूलो चुनौतीको रूपमा खडा भएको छ। धेरै ग्रामीण क्षेत्रहरूमा उचित सडक र यातायात सञ्जालको अभाव छ, जसले गर्दा स्थानीय र अन्तर्राष्ट्रियरूपमा कृषि उत्पादनहरू बजारमा पुर्‍याउन गाह्रो हुन्छ। विशेषगरी ग्रामीण क्षेत्रमा अविश्वसनीय वा अपर्याप्त सिंचाइ प्रणालीले वर्षभरि बाली उब्जाउने क्षमतालाई सीमित पार्छ, जसले किसानहरूलाई मौसमी वर्षामा निर्भर बनाउँछ। ऋणमा सीमित पहुँच हुनुले पनि कृषिजन्य उद्योग फस्टाउन सकेको छैन। उच्च ब्याजदर र बन्धकको अभावका कारण किसान र कृषि–व्यवसायहरूले औपचारिक संस्थाहरूबाट ऋण वा वित्तीय सेवाहरू प्राप्त गर्न सङ्घर्ष गर्दै आएका छन्। किसानहरूमा आर्थिक साक्षरताको अभावले पनि प्रभावकारी व्यापार विस्तारलाई रोक्दै आएको छ।

किसानहरूलाई प्रायः नवीनतम कृषि ज्ञान, प्रशिक्षण र प्राविधिक सहयोगको पहुँच हुँदैन, जसले उनीहरूलाई उत्पादन अभ्यासहरू सुधार गर्नबाट रोक्छ। खेतदेखि बजारसम्म आपूर्ति शृङ्खला प्रायः खण्डित र अक्षम हुन्छन्, धेरै मध्यस्थले उत्पादनमा मूल्य नबढाइसकेपछि लागत थप्छन्। फसलपछिको खराब व्यवस्थापन र अपर्याप्त प्रशोधन पूर्वाधारका कारण कृषि उत्पादनहरू, विशेषगरी फलफूल, तरकारी र दुग्ध उत्पादनजस्ता खराब हुने वस्तुहरूको ठूला नोक्सानी हुन्छ। वातावरणीयरूपमा संवेदनशील क्षेत्रहरूमा अभ्यास गरिन्छ। जसले वनविनाश, जैविक विविधताको हानि र माटोको क्षरण निम्त्याउँछ, जसले भविष्यको कृषि उत्पादकतालाई असर गर्न सक्छ। रसायनमा अत्यधिक निर्भरता–पर्याप्त वातावरणीय सुरक्षाविना रासायनिक मल र कीटनाशक औषधिको व्यापक प्रयोगले माटो र पानीमा प्रदूषण निम्त्याउन सक्छ, जसले कृषि उत्पादकता र जनस्वास्थ्य दुवैलाई हानि पुर्‍याउँछ।

विशेषगरी प्रशोधन र प्याकेजिङमा बलियो खाद्य सुरक्षा प्रोटोकलको अभावले नेपाली कृषि उत्पादनहरूको गुणस्तरमा चिन्ता उत्पन्न गर्छ, जसले निर्यात र स्थानीय उपभोक्ताको विश्वासलाई नकारात्मक असर पार्न सक्छ। कृषिमा आधारित अर्थतन्त्र हुँदाहुँदै पनि नेपालले खाद्यान्न, विशेषगरी अन्न, दाल र तेलहनको महत्त्वपूर्ण मात्रामा आयात गर्छ। यसले खाद्य उत्पादनमा आत्मनिर्भरताको सम्भावनालाई कमजोर पार्छ। नेपालमा कृषि प्रशोधन अविकसित छ। नेपालको कृषिजन्य उद्योग–व्यवसायहरू उचित प्रमाणीकरणको अभाव र खराब प्याकेजिङका कारण निर्यातका लागि अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न सङ्घर्ष गर्दै आएका छन्। मल, बीउ र अन्य कृषि उत्पादनहरूका लागि सरकारी अनुदानहरू प्रायः कुशलतापूर्वक वितरण गरिंदैनन् र लाभहरू सधैं लक्षित किसानहरू, विशेषगरी दुर्गम क्षेत्रहरूमा पुग्दैनन्। किसानलाई कृषि औजार, उपकरण, बीउबिजन, मलखाद खरीददेखि लिएर युवालक्षित कार्यक्रम अन्तर्गत विभिन्न व्यवसाय सञ्चालन र प्रवर्द्धनका लागि रकम प्रदान गरेर कृषिलाई आत्मनिर्भर बनाउन सक्नुपर्छ। उचित मात्रा नमिलाइ प्रयोग भएको रासायनिक मलका कारण माटोको खस्किंदो गुणस्तर, बदलिंदो मौसमचक्र, घट्दो खेतीयोग्य जमीन, भएको जमीन पनि घडेरी प्लटिङका कारण अनुत्पादक हुन पुगेको छ। खेतीयोग्य जमीन दिन प्रतिदिन मासिँदै जानुले समस्या सिर्जना गरेको पाइन्छ। त्यसैले नेपालको हावापानी सुहाउँदो कृषि व्यवसायको थालनी, किसानलाई आवश्यक तालीम, सहुलियतपूर्ण ऋण र उत्प्रेरणा कार्यक्रम दिन सक्नुपर्छ। उत्पादित वस्तुको उचित मूल्य समायोजन गरी राष्ट्रियरूपमा बिक्री वितरण र अन्तर्राष्ट्रियस्तरसम्मको उत्पादनमा जोड दिंदै कृषि व्यवसायीलाई प्रोत्साहन, क्षतिपूर्तिको व्यवस्थामा सरकारले ध्यान दिनुपर्छ।

यसका साथै मुलुकको विकास र समृद्धिको पहिलो शर्तका रूपमा कृषि, पर्यटन र ऊर्जाको प्रस्ट कार्ययोजनाको मार्गचित्र बनाइनुपर्छ। एउटा स्पष्ट मार्गचित्र बनाएर त्यसलाई राजनीतिक तहमा बहस चलाउँदै त्यसको कार्यान्वयनका लागि राष्ट्रिय एकताका साथ अघि बढ्नुपर्छ। यसैबाट अर्थव्यवस्थालाई सुधार्न सकिन्छ। आफ्नै स्रोतसाधनबाट परिचालन गर्न सकिने कृषिसँगै उद्योगबाट दिगो विकासको आधार तयार गर्न सकिन्छ। त्यसैले सामाजिक, आर्थिक तथा वातावरणीय न्याय सुनिश्चित गरी दिगो र वातावरणमैत्री हरित अर्थतन्त्रको विकास नै अबको एकमात्र मार्गचित्र हो।



**प्याजका बेर्नाः** कञ्चनपुरको बेलौरी नगरपालिकास्थित रामनगरका किसानले बारीमा उमारेको प्याजका बेर्ना। प्याजका बेर्ना बजार क्षेत्रमा र बारीबाटै बिक्री गरी किसानले सिजनमा मनग्य आम्दानी गर्दै आएका छन्।
तस्बिरः राजेन्द्रप्रसाद पनेरू/रासस

# वीरगंजबाट डिजेल आयात घट्यो

वीरगंज, २७ मङ्सिर/रासस

वीरगंजबाट डिजेल आयातको परिमाण घटेको छ। चालू आर्थिक वर्षको प्रथम चार महीनामा डिजेलको आयात नौ दशमलव ४१ प्रतिशतले घटेको वीरगंज भन्सार कार्यालयले जनाएको छ।

डिजेल आयात घटेसँगै राजस्व पनि १५ दशमलव १६ प्रतिशतले घटेको छ। आव २०८१/८२ को चार महीनामा रु २१ अर्ब ८४ करोड आठ लाख ७६ हजारको दुई लाख ४६ हजार ७१९ किलोलिटर डिजेल आयात भएको थियो। गत आवको सोही अवधिमा भने रु ३० अर्ब १७ करोड ७६ लाख ४८ हजारको डिजेल आयात भएको थियो।

प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले पेट्रोलियम पदार्थ, सवारीसाधन र कच्चा पदार्थको आयात घट्दा राजस्व सङ्कलनमा असर परेको बताए।

मोतिहारी–अमलेखगंज पेट्रोलियम पाइपलाइनबाट डिजेल आयात हुने गरेको छ भने पेट्रोल टयाङ्करबाट नै पैठारी हुँदै आएको छ।

नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले चालू आवको कात्तिक महीनासम्म निर्माण क्षेत्र ठप्प रहेकाले डिजेल आयात घटेको बताए। उनले भने, "सरकारले निर्माण क्षेत्रलाई चलायमान गराउन जरुरी छ। त्यसो नगरे पूँजीगत खर्च बढ्दैन।"

त्यसैगरी, चालू आवको चार महीनामा रु १२ अर्ब ४२ करोड ६१ लाख ३७ हजारको एक लाख ४२ हजार ८६५ किलोलिटर पेट्रोल आयात भएको छ। गत आवको सोही अवधिमा रु १३ अर्ब १८ करोड ४९ लाख ९० हजारको एक लाख २९ हजार १२६ किलोलिटर पेट्रोल आयात भएको थियो।

# 'अर्थतन्त्रलाई बलियो बनाउन सामूहिक प्रयासको खाँचो छ'

नारायणगढ, २७ मङ्सिर/रासस

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको उद्देश्यमा केन्द्रित रहेर उद्योगी तथा व्यवसायी अगाडि बढ्नुपर्ने बताएका छन्। चितवनको भरतपुरमा बिहीवार नेपाल उद्योग व्यापार महासङ्घको तेस्रो साधारणसभाको उद्घाटन कार्यक्रममा उनले देशको अर्थतन्त्रलाई बलियो बनाउन मध्यम वर्गलाई माथि उठाउनुपर्छ भने।

उनले भने, "दिन प्रतिदिन हाम्रो अर्थतन्त्र पर निर्भर हुँदै गएको छ। केही समय पहिले खाद्यान्नमा आत्मनिर्भर मात्रै नभएर निर्यात गर्ने देश अहिले खाद्यान्नलगायत धेरै कुरा आयात गर्ने देशमा परिणत भएको छ। यस्तो स्थितिमा आत्मनिर्भर अर्थतन्त्रलाई बलियो बनाउन सामूहिक प्रयासको खाँचो छ।"

पूर्वप्रम प्रचण्डले १८ महीना सरकारको नेतृत्व गर्दैगर्दा सुशासन सामाजिक न्याय र आर्थिक समृद्धिका लागि आफ्नो सम्पूर्ण उद्देश्य र मेहनत रहेको दाबीसमेत गरे।

# १० करोड बढी लगानीमा विद्युतीय माइक्रोबस सञ्चालन

काठमाडौं, २७ मङ्सिर/रासस

सामाखुसी यातायात प्रालिले रु १० करोड ३० लाख लागतमा २० वटा विद्युतीय माइक्रोबस सञ्चालनमा ल्याएको छ। विसं २०५७ देखि यातायात सेवा प्रदान गर्दै आएको प्रालिले बिहीवारदेखि विद्युतीय माइक्रोबस सञ्चालनमा ल्याएको हो।

प्रालिका अध्यक्ष सानुकाजी प्रजापतिले काठमाडौंको उत्तरी क्षेत्रका बासिन्दाको आवश्यकतालाई ध्यानमा राख्दै २० माइक्रोबस सञ्चालनमा ल्याएको जानकारी दिए। "काठमाडौं उपत्यकामा यात्रुको चाप छ, माइक्रोबस थपेसँगै यात्रुलाई केही सहज हुने विश्वास छ," उनले भने।

सामाखुसी यातायातले हाल ८० माइक्रोबस तथा ५० ठूला बसमार्फत यात्रुवाहक सवारी सञ्चालन गरिरहेको छ। काठमाडौंको उत्तरी क्षेत्र बानियाटार, भत्केको पुल, मनमैजु, झोर, टोखा, वसुन्धरा र म्हैपीबाट यात्रुवाहक सवारी सञ्चालन गर्दै आएको सामाखुसी यातायात प्रालिका आर्थिक व्यवस्थापक दीपेन्द्र केसीले जानकारी दिए। प्रालिले हाल ३५० चालक तथा सहचालकलाई रोजगार प्रदान गरिरहेको कम्पनीले जनाएको छ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## ‘अन्तिम क्षणसम्म’ लड्ने दक्षिण कोरियाली राष्ट्रपति युनको प्रतिबद्धता

सियोल, २७ मङ्सिर/एएफपी

दक्षिण कोरियाका राष्ट्रपति युन सुक योलले गत साता सैनिक शासन घोषणा गर्ने र देशको संसद्मा सेना तैनाथ गर्ने आफ्नो निर्णयको बचाउ गर्दै अन्तिम क्षणसम्म लड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । दक्षिण कोरियाली नेतालाई डिसेम्बरको पहिलो सातामा भएको सैनिक कानून घोषणा गर्ने ‘नाटकीय राजनीतिक भूमिका’का सम्बन्धमा अनुसन्धानको एक भागको रूपमा विदेश यात्रामा प्रतिबन्ध लगाइएको छ ।

युनको यस कदमले सियोलका सहयोगीहरूलाई स्तब्ध पारेको थियो र दक्षिण कोरियालाई वर्षौंपछि गहिरो राजनीतिक उथलपुथलमा फ्याँकेको थियो।

शनिवारका लागि पुनः मतदानको तयारी गरिएको राष्ट्रपति युनविरुद्ध संसद्मा महाभियोगको प्रस्तावबारे प्रतिक्रिया दिंदै युनले भने, “म अन्तिम क्षणसम्म दक्षिण कोरियाली जनताको पक्षमा लड्ने प्रतिबद्धता प्रकट गर्छु ।”

उनले टेलिभिजनमार्फत राष्ट्रका नाममा सम्बोधन गर्दै भने, “म ती मानिसहरूसँग फेरि माफी माग्छु, जो सैनिक कानूनका कारण आश्चर्यचकित र चिन्तित भएका हुनुपर्छ। कृपया, मलाई विश्वास गर्नुहोस् ।”

महाभियोगको मतदान स्थानीय समय अनुसार आगामी शनिवार (डिसेम्बर १४) साँझ ५:०० बजे हुनेछ ।

राष्ट्रपतिविरुद्ध विपक्षी गठबन्धनले दर्ता गरेको र एकपटक मतदान हुने तयारी भइरहँदा सत्तारूढ पार्टीका करीब सबै सांसदले मतदान बहिष्कार गरेपछि प्रस्ताव विफल भएको थियो । महाभियोगको आवश्यक दुई तिहाइ बहुमत प्राप्त गर्न सत्तारूढ पिपुल्स पावर पार्टी (पिपिपी)का आठ सदस्यको समर्थन प्राप्त गर्न आवश्यक छ। बिहीवार पिपिपीका नेता हान दोङ-हुनले पार्टीका सदस्यहरूलाई बैठकमा उपस्थित हुन र उनीहरूको विश्वास र अन्तस्करण अनुसार मतदान गर्न आग्रह गरेका छन्।

प्रहरीले युनको राष्ट्रपति कार्यालयमा बुधवार छापा मार्ने प्रयास गरेको थियो तर राष्ट्रपति कार्यालयका सैनिक सुरक्षा गार्डले कार्यालय परिसरमा प्रहरी प्रवेशलाई अनुमति नदिएपछि प्रहरी फिर्ता हुनुपरेको थियो ।

प्रमुख विपक्षी डेमोक्रेटिक पार्टीले राष्ट्रपतिका कर्मचारी र सुरक्षा निकायले कानून कार्यान्वयनमा अवरोध पुर्‍याए थप कानूनी प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ।

दक्षिण कोरियाको राजधानी सियोलमा गत हप्तादेखि दैनिक प्रदर्शन भइरहेको छ र हजारौं मानिस युनको राजीनामा मागिरहेका छन् ।

गत हप्ताको सैनिक कानून (मार्शल ल) घोषणामा उनको कथित भूमिकाको लागि युनका निकट सहयोगी गहन अनुसन्धानको भागीदार बनेका छन् ।

बिहीवार प्रहरीले सेनाको राजधानी रक्षा कमान्डको मुख्यालयमा छापा मारेको बताएको थियो। युनलाई सैनिक शासन लागू गर्न आग्रह गरेको आरोप लागेका पूर्वरक्षामन्त्री किम योङ ह्युनले मङ्गलवार जेलमैं आत्महत्याको प्रयास गरेका बताइएको छ ।

किमलाई पहिलोपटक आइतवार हिरासतमा लिइएको थियो र पछि विद्रोहको समयमा महत्त्वपूर्ण कर्तव्यहरूमा संलग्न भएको र नागरिक अधिकारको प्रयोगमा बाधा पुऱ्याउन पदीय अधिकारको दुरुपयोग गरेको आरोपमा औपचारिकरूपमा गिरफ्तार गरिएको थियो ।

पूर्वगृहमन्त्री र ‘मार्शल ल’ भूमिकामा जिम्मेवारी सम्हालेका जनरललाई पनि विदेश यात्रामा प्रतिबन्ध लगाइएको छ।

दुईजना वरिष्ठ प्रहरी अधिकारीलाई पनि बुधवार बिहान पक्राउ गरिएको छ।

पिपिपीले युनको राजीनामा तत्काललाई थाती राख्दै उनले प्रधानमन्त्री हान डक सो र पार्टी प्रमुख हानलाई सत्ता हस्तान्तरण गर्न सहमत भएको जनाएको छ ।

तर युनले विपक्षीले देशलाई राष्ट्रिय सङ्कटमा धकेलेको आरोप लगाउँदै बिहीवार त्यसको विरोध गरेका थिए ।

“विपक्षी दलको प्रभुत्व रहेको नेशनल एसेम्ली उदार लोकतन्त्रको संवैधानिक व्यवस्थालाई ध्वस्त पार्ने कडी बनेको छ,” युनले टेलिभिजन सम्बोधनमा भने ।

उनले भने, “मार्शल लको घोषणासम्बन्धी कानूनी र राजनीतिक जिम्मेवारीबाट म पन्छिनेछैन ।”

दक्षिण कोरियाली नेताले दक्षिण कोरियालाई उत्तर कोरियाली कम्युनिस्ट शक्तिबाट उत्पन्न हुने खतराबाट जोगाउन र राष्ट्रविरोधी तत्त्वलाई नियन्त्रण गर्न मार्शल लको घोषणा गरेको बताएका थिए । रासस

## आत्मघाती आक्रमणको राष्ट्रसङ्घद्वारा निन्दा

काबुल, २७ मङ्सिर/एएफपी

अफगानिस्तानस्थित संयुक्त राष्ट्रसङ्घीय नियोगले इस्लामिक स्टेट (आइएस) समूहले गरेको आक्रमणको निन्दा गरेको छ ।

राजधानी काबुलस्थित गृह मन्त्रालयको कार्यालयमा बुधवार अपराह्न भएको आत्मघाती बम विस्फोटमा परी शरणार्थी तथा स्वदेश फिर्तीमन्त्री खलील योर रहमान हक्कानीको मृत्यु भएको थियो ।

अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय सहायता मिसन (युएनएएमए)ले पीडित परिवारप्रति समवेदना प्रकट गर्दै भनेको छ, “स्थिरताको खोजीमा आतङ्कवादका लागि कुनै स्थान हुन सक्दैन ।”

कतार, साउदी अरब, पाकिस्तान र इरानसहित युरोपेली सङ्घ र अर्गनाइजेशन अफ इस्लामिक कोअपरेशनले पनि आक्रमणको निन्दा गरेको छ ।

संयुक्त राज्य अमेरिका र संयुक्त राष्ट्रसङ्घको प्रतिबन्धको सूचीमा रहेका हक्कानी तालिबानको दुई दशक लामो विद्रोहका क्रममा भएका केही हिंसात्मक आक्रमणका लागि जिम्मेवार हक्कानी नेटवर्कका संस्थापक जलालुद्दीन हक्कानीका भाइ थिए । उनी वर्तमान गृहमन्त्री सिराजुद्दीन हक्कानीका काका पनि हुन् ।

खलील योर रहमान हक्कानीको अन्त्येष्टि बिहीवार दिउँसो २:०० बजे काबुलको दक्षिणमा पर्ने पक्तिया प्रान्तमा गरिने भएको छ ।

इस्लामिक स्टेट समूहले आक्रमणको जिम्मेवारी लिएको छ र एक आक्रमणकारीले मन्त्रालयभित्र आत्मघाती आक्रमण गराएको बताएको छ ।

सन् २०२१ मा तालिवान सत्तामा फर्किएपछि कुनै मन्त्रीलाई लक्षित गरी गरिएको यो पहिलो आक्रमण हो ।

अफगानिस्तानमा सन् २०२१ मा तालिवान सेनाले कब्जा जमाएपछि अमेरिकी नेतृत्वको नेटो गठबन्धन सेनाविरुद्धको युद्ध अन्त्य भएपछि हिंसात्मक घटनामा कमी आएको छ ।

यद्यपि इस्लामिक स्टेट खोरासानको नामले चिनिने आइएसको क्षेत्रीय शाखा अफगानिस्तानमा सक्रिय छ र यसले नियमितरूपमा सर्वसाधारण, विदेशी र तालिबान अधिकारीहरूलाई बन्दुक र बम आक्रमणबाट निशाना बनाउँदै आएको छ। रासस

## जापोरिझियामा क्षेत्रमा भएको रूसी आक्रमणमा १० जनाको मृत्यु

किएभ, युक्रेन, २७ मङ्सिर/एएफपी

युक्रेनको जापोरिझिया क्षेत्रका दुई भवनमा भएको रूसी आक्रमणमा परी कम्तीमा १० जनाको मृत्यु भएको क्षेत्रीय गभर्नरले बिहीवार बताएका छन् ।

दक्षिणी युक्रेनमा भएको आक्रमणको तीव्र शृङ्खलामा मङ्गलवार भएको यो पछिल्लो आक्रमणमा १० जनाको मृत्यु र २२ जना घाइते भएका छन् ।

भग्नावशेषमुनि एक महिलाको शव फेला परेपछि मृत्यु हुनेको सङ्ख्या १० पुगेको क्षेत्रीय गभर्नर इभान फेडोरोभले जानकारी दिए ।

गभर्नरका अनुसार आक्रमणबाट मध्य जापोरिझियामा रहेको एक क्लिनिक र एउटा कार्यालय भवनमा व्यापक क्षति पुगेको उनले टेलिग्राममा बताएका छन्।

रूसका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रूसी आक्रमणको निन्दा गर्दै युक्रेनलाई थप हवाई प्रतिरक्षा प्रणाली उपलब्ध गराउन पश्चिमा मित्रराष्ट्रलाई आह्वान गरेका छन् ।

गत शुक्रवार पनि जापोरिझियामा भएको रूसी आक्रमणमा १० जनाको मृत्यु भएको थियो ।

मस्कोले बुधवार युक्रेनको दक्षिणी रोसतोभ क्षेत्रमा रहेको सैन्य हवाई क्षेत्रमा पश्चिमा मुलुकले आपूर्ति गरेको क्षेप्यास्त्र प्रहार गरेको आरोप लगाउँदै युक्रेनविरुद्ध प्रतिशोध लिने रूसले चेतावनी दिएको थियो ।

एक अमेरिकी अधिकारीले रूसले चाँडै नै युक्रेनलाई आफ्नो नयाँ हाइपरसोनिक ‘ओरेसनिक’ क्षेप्यास्त्रले निशाना बनाउन सक्ने बताएका छन्। रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**खेतबारीमा लैजान व्यवस्थापन गरिएको मलः** बोरामा व्यवस्थापन गरी राखिएको गाईवस्तुको मल खेतबारीमा लैजाँदै मुस्ताङका किसान। बर्खे बाली भित्र्याएपछि यतिबेला मुस्ताङका किसानलाई हिउँदे बाली लगाउन भ्याइनभ्याइ भएको छ। तस्बिरः सुशीलबाबू थकाली/रासस

## १५ शय्याको अस्पताल भवन शिलान्यास

सप्तरी, २७ मङ्सिर/रासस

जिल्लाको बोदेबरसाइन नगरपालिका-५ मा १५ शय्याको अस्पताल निर्माण गर्न बिहीवार भवनको शिलान्यास गरिएको छ । शत्रुध्न हस्पिटलनजीकै रहेको सार्वजनिक जग्गामा १५ शय्याको आधारभूत अस्पताल निर्माण थालनी गर्न भवन शिलान्यास गरिएको हो ।

१३ कट्ठा क्षेत्रफलमा रु १९ करोड ६२ लाख ४५ हजार २७ लागतमा अस्पताल निर्माण हुन लागेको नगरपालिकाका स्वास्थ्य शाखा संयोजक राजनारायण ठाकुरले जानकारी दिए। उनका अनुसार नगरप्रमुख आतेशकुमार सिंहको प्रमुख अतिथिमा भवन शिलान्यास गरिएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशभर पाँच, १० र १५ शय्यासम्मको अस्पताल नभएका स्थानीय तहमा भवन बनाउने योजना बनाए अनुसार बोदेबरसाइनमा निर्माण प्रक्रिया अघि बढेको संयोजक ठाकुरले बताए । अस्पताल सञ्चालनमा आएपछि सामान्य बिरामी हुँदा पनि पालिकाबाहिर पठाउनुपर्ने बाध्यता अन्त्य हुने उनको भनाइ छ ।

विसं २०८४ मङ्सिरसम्ममा सम्पन्न गर्नेगरी भवन निर्माणको जिम्मा काभ्रेको न्यू ड्राइगन निर्माण सेवा प्रालिलाई दिइएको नगर कार्यालयले जनाएको छ । भवन शिलान्यास कार्यक्रममा उपप्रमुख रेणुकुमारी साह, वडाध्यक्ष मोमोजिबुर रहमान, राजकुमार यादव, तपसी यादव, नगरपालिकाका कर्मचारी, जनप्रतिनिधि, स्वास्थ्य संयोजक ठाकुरलगायत स्थानीयको सहभागिता थियो ।

तीन वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी बहुवर्षीय ठेक्का प्रक्रिया अघि बढाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नीति योजना महाशाखाले सहमति दिएपछि सोही अनुसार कार्य भइरहेको नगरपालिकाका इन्जिनीयर दिनेश ठाकुरले जानकारी दिए ।

## उपप्रमुखहरूलाई अधिकार दिनुपर्ने माग

जनकपुरधाम, २७ मङ्सिर/रासस

मधेस प्रदेशको धनुषा जिल्ला अन्तर्गत स्थानीय पालिकाका उपप्रमुख तथा उपाध्यक्षले वर्तमान संविधान तथा ऐन, कानूनमा भएको व्यवस्था अनुसार नगरपालिका तथा गाउँपालिकाका उपप्रमुखलाई अधिकार नदिएको गुनासो गरेका छन् ।

धनुषाका स्थानीय पालिकाका उपप्रमुख र उपाध्यक्षाको शहीद नगरपालिकामा बिहीवार आयोजित अन्तर्क्रिया कार्यक्रममा नगरपालिका तथा गाउँपालिकाको ऐन तथा कानूनमा स्पष्टरूपमा अधिकार दिए पनि व्यवहारमा कुनै अधिकार नदिएकाले कानून अनुसार अधिकार दिन माग गरेका हुन् ।

कमला नगरपालिकाकी उपप्रमुख शिला मण्डलले आफूहरू सुविधा लिन मात्र उपप्रमुख नभएको बताउँदै जनताको हकअधिकारका लागि निर्वाचित भएर आएकाले जनताको हितका पक्षमा काम गर्नेगरी अधिकार दिन माग गरिन् । उनले जनताको सेवासहित काम गर्न आएकाले सोही अनुसार वातावरण बनाएर सहजीकरण गरी दिन प्रमुखलाई आग्रह गरिन् ।

जनकपुर उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले गाउँपालिका तथा नगरपालिकाका प्रमुखले कुनै राय र सल्लाह नगरी आफूखुशी काम गर्ने परिपाटीले प्रमुख तथा उपप्रमुखबीच द्वन्द्व बढ्दै गएको बताए। न्यायिक समितिको संयोजक उपप्रमुखलाई तोकिए पनि त्यो कार्य प्रभावकारीरूपमा अगाडि बढ्न नसकेको उनको भनाइ छ । उनका अनुसार वर्तमान संविधानमा उपाध्यक्ष र उपप्रमुखलाई न्यायिक समितिको संयोजक तोकेको छ ।

स्थानीय तह सञ्चालन ऐनले उपाध्यक्ष तथा उपप्रमुखलाई अध्यक्ष तथा प्रमुख नभएको अवस्थामा निजको कार्यभार सम्हाल्ने, गैरसरकारी सङ्घसंस्थाको क्रियाकलापको समन्वय गर्ने, उपभोक्ताहित संरक्षणसम्बन्धी कार्यको समन्वय गर्ने, योजना तथा कार्यक्रम अनुगमन तथा सुपरीवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने, सभा तथा कार्यपालिकाद्वारा गठित समितिको काममा सहजीकरण र समन्वय गर्ने, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका न्यायसम्बन्धी कार्य गर्ने व्यवस्था कार्यक्रममा प्रस्तुत प्रतिवेदनमा जानकारी दिइएको छ ।

प्लान इन्टरनेशनल नेपालको सहयोगमा आसमान नेपालद्वारा आयोजित कार्यक्रममा गाउँपालिकाको काम, अधिकार क्षेत्र र वर्तमान अवस्थाका बारेमा जानकारी दिइएको थियो ।

### विद्युतीय ...

सवारीसाधनको ह्रासकट्टी पनि इन्धनबाट चल्नेभन्दा धेरै कम हुने गर्छ । त्यसैले पनि भाडा सस्तो हुन सकिरहेको छैन ।”

**विद्युतीयभन्दा इन्धनकै सवारीसाधन उच्च**

वीरगंज भन्सार कार्यालय हुँदै आर्थिक वर्ष २०८०/८१ मा विद्युतीय सवारीसाधनको तुलनामा इन्धनबाट चल्ने सवारीसाधन बढी आयात भएका छन् । कार्यालयका अनुसार गत आवमा नाका हुँदै एक हजार ४३५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएकामा सोही अवधिमा यो नाका हुँदै ५११ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् । यो नाका हुँदै गत आवमा रु दुई अर्ब १९ करोड ८९ लाख ९९ हजार बराबरका इन्धनबाट चल्ने एक हजार ४३५ वटा जीप, कार र भ्यान आयात भएका छन् । ती सवारीसाधन आयात हुँदा भन्सार कार्यालयले रु चार अर्ब ९६ करोड ९२ लाख १८ हजार राजस्व आम्दानी गरेको छ । आव २०७९/८० मा भने यो कार्यालय हुँदै रु एक अर्ब ७८ करोड ८७ लाख ६७ हजार मूल्य बराबरका एक हजार १४९ वटा जीप, कार र भ्यान आयात भएका थिए ।

ती सवारीसाधन आयात हुँदा राज्यले रु चार अर्ब नौ करोड ५९ लाख १३ हजार राजस्व आम्दानी गरेको थियो । आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा २८६ वटा बढी इन्धनबाट चल्ने जीप, कार र भ्यान आयात भएका छन् । आव २०८०/८१ मा रु एक अर्ब १४ करोड ५० लाख ६७ हजार मूल्य पर्ने ५११ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन् । ती सवारीसाधन आयात हुँदा कार्यालयले रु ५८ करोड १३ लाख १३ हजार मात्रै राजस्व सङ्कलन गरेको छ। कार्यालयका अनुसार आव २०७९/८० मा यो भन्सार कार्यालय हुँदै रु एक अर्ब ५३ करोड मूल्य पर्ने ३०६ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका थिए। सो आवमा यो कार्यालयले भन्सारबापत रु ६० करोड ८८ लाख ६२ हजार सङ्कलन गरेको थियो ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – क्रमप्राप्ति | वृष – राज्यलाभ |
| मिथुन – रोगभय | कर्कट – व्यापारवृद्धि |
| सिंह – शत्रुपराजय | कन्या – सुसमाचार |
| तुला – भयचिन्ता | वृश्चिक – मित्रमिलन |
| धनु – अतिथिआगमन | मकर – सुयश |
| कुम्भ – अलमल | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


सूचना ! सूचना !! सूचना !!!

**बिपी उद्यान खाली गर्ने सम्बन्धमा**

मिति २०८१/०८/२६ गतेको निर्णय अनुसार वीरगंज महानगरपालिका अन्तर्गत वडा नं ९ मा रहेको घण्टाघरस्थित बिपी उद्यान हाताभित्र सञ्चालनमा रहेको तरकारी तथा फलफूल बजार १५ (पन्ध्र) दिनभित्र खाली गरिदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै सम्बन्धित व्यवसायीहरूले आआफ्नो व्यवसाय सञ्चालन गर्न वीरगंज महानगरपालिका अन्तर्गत वडा नं १६ नगवास्थित कृषि बजारको लागि निर्धारण गरिएको स्थानमा जानुहुनसमेत सम्बन्धित सबैमा अनुरोध छ ।

# सहज मलखाद उपलब्ध गराउन प्रजिअलाई ज्ञापन

प्रस, वीरगंज, २७ मङ्सिर/

जनमत पार्टी, पर्साले मलखादको कालोबजारी रोक्न तथा किसानलाई सुपथ मूल्यमा सहज तरीकाले मलखाद वितरण गर्नुपर्ने माग गर्दै पर्साका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ।

बिहीवार जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफको नेतृत्वमा गएको टोलीले प्रजिअलाई ज्ञापनपत्र बुझाएको थियो।

पर्सा जिल्लामा मलखादको कालोबजारी भइरहेको, मलखाद उपलब्ध रहे पनि महँगो मूल्यमा मलखाद किन्नुपरेको, पार्टीगत आधारमा मलखाद वितरण गर्ने कार्य भइरहेको तथा जनमत पार्टीसँग आबद्ध किसानहरूलाई मलखादबाट वञ्चित गरिएको भन्दै कारबाई गर्न प्रजिअलाई ज्ञापनपत्रमा ध्यानाकर्षण गराइएको छ।

ज्ञापनपत्रमा पर्सा जिल्लामा मलखादमा भइरहेको कालोबजारी अविलम्ब रोक्न, कालोबजारी गरिरहेका


तस्वीरः सौजन्य

डिलरहरूमा छापा मारेर नियन्त्रणमा लिई कारबाई गर्न र किसानहरूलाई विभेद नगरी सहज तरीकाले सुपथ मूल्यमा मलखाद उपलब्ध गराउन माग गरेको छ।

किसानहरूलाई गहुँलगायत अन्य बाली छर्ने बेला भएकोले र समयमा मलखाद नपाएर गहुँलगायत अन्य बालीको खेतीबाट वञ्चित भए उनीहरूको गुजारासमेतमा पनि असर पर्ने भएकोले सो समस्या अविलम्ब समाधान गर्न जनमत पार्टी पर्साले माग गरेको छ।

# योमरी पुन्हीको अवसरमा रक्तदान कार्यक्रम

प्रस, ठोरी, २७ मङ्सिर/

नेवार समुदायको पर्व योमरी पुन्हीको पूर्वसन्ध्यामा पर्साको ठोरी गाउँपालिकामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। नेवाः देय दवू, सुवर्णपुरको आयोजनामा ठोरी गापा–५ को वडा कार्यालयमा सम्पन्न कार्यक्रममा ५२ जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा छजना महिलासहित ५२ जनाले रक्तदान गरेको नेवाः देय दबू, सुवर्णपुरका पूर्वअध्यक्ष अमृत श्रेष्ठले बताए। ठोरी गापा–५ का अध्यक्ष अष्टबहादुर लोप्चनले रक्तदान गरी कार्यक्रमको सुरुआत गरेका थिए। लोप्चनले १४औं पटक रक्तदान गरेका छन्। कार्यक्रममा सरोजकुमार चौलागाईं,


तस्वीरः प्रतीक

रमेश थापा, गणेश खड्का, अमित श्रेष्ठ, अलिशा श्रेष्ठ, हेमन्त प्रधानलगायतले रक्तदान गरेका थिए।

कार्यक्रममा रक्तसञ्चार केन्द्रका प्रमुख सौरभराज पाण्डेय, मनीष गुप्ता, नितेश यादवलगायतले प्राविधिक सहयोग गरेको नेपाल रेडक्रस सोसाइटी रेशमकोठीका युवा संयोजक अभिलाष गुप्ताले बताएका छन्।


योमरी पुन्हीका अवसरमा सुवर्णपुरमा हरेक वर्ष रक्तदान कार्यक्रमको हुँदै आएको छ। नेवाः देय दबु सुवर्णपुरका अध्यक्ष रूपबहादुर श्रेष्ठको अध्यक्षता र ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत धर्मराज थापा, वडाध्यक्ष लोप्चन, नेवा देय दबु ठोरीका अध्यक्ष रामबहादुर श्रेष्ठलगायतको सहभागिता थियो।


## दाइजो प्रथा निरुत्साहित गरौं

- चल, अचल सम्पत्ति दाइजोको रूपमा माग गर्नुहुँदैन,
- लेनदेनको शर्त राखी विवाह गर्नु/गराउनु हुँदैन,
- विवाह गरिसकेपछि चल, अचल सम्पत्ति वा दाइजो माग गर्नुहुँदैन,
- दाइजो नदिएको कारण यातना दिने वा अमानवीय वा अपमानजन्य व्यवहार गर्नुहुँदैन,
- यस्ता कार्य कानूनबमोजिम दण्डनीय छन्, यस्तो गरेको पाइएमा स्थानीय प्रशासनमा खबर गरौं।
- विवाहजस्तो पवित्र बन्धनलाई लेनदेनको विषय नबनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड







## ब्राउनसुगरसहित चारजना पक्राउ

प्रस, वीरगंज, २७ मङ्सिर/

एसएसबी र रक्सौल नकरदेई थानाको टोलीले २७८ ग्राम ब्राउनसुगरसहित चारजना नेपालीलाई पक्राउ गरेको छ।

वीरगंज महानगरपालिका–१२ का विशाल कुमार, वडा नं ६, रामटोलका राजेशप्रसाद यादव, रेशमकोठीका आयुष अग्रवाल, बारा, नितनपुरका रामकिशोर साह कानू रहेको एसएसबीले जनाएको छ।

चारैजनालाई लागूऔषध नियन्त्रण ऐन (एनडिपिएस एक्ट) अन्तर्गत मुद्दा दर्ता गरी न्यायिक हिरासतमा पठाइएको एसएसबीले जनाएको छ।

सो क्षेत्रमा स्म्याक र ब्राउन सुगरको कारोबार हुने गरेकामा हालै आएका प्रहरी प्रमुख (एसपी) स्वर्ण प्रभातको नेतृत्वमा लगातार कारबाई भइरहेको छ।

### १० वर्षदेखि ...

छ। वीरगंजमा दुईवटा समलिङ्गी जोडी र तीनवटा तेस्रोलिङ्गी जोडी लिभिङ टुगेदरमा बसिरहेको बुझिएको छ। सहयात्री समाज नेपाल, वीरगंजमा करीब ५०० तेस्रोलिङ्गी आबद्ध भए तापनि खुलेर अहिले पनि पतिपत्नीको रूपमा जोडी बनेर सार्वजनिकरूपमा बस्न समस्या रहेको बताइएको छ।

# खेलकूदको संसार

## सुपर ओभरमा पोखराद्वारा विराटनगर पराजित

काठमाडौं, २७ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीवार पोखरा एभेन्जर्सले विराटनगर किङ्गसलाई सुपर ओभरमा १३ रनले पराजित गर्दै विजयी भएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा विराटनगरले जीतका लागि दिएको १४० रनको लक्ष्य पछ्याएको पोखराले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १३९ रन बनाएपछि खेल सुपर ओभरमा पुगेको हो। एनपिएलमा यो पहिलो सुपर ओभर खेल हो।



सुपर ओभरमा पोखराले पहिले ब्याटिङ गरेको थियो। विराटनगरका कप्तान सन्दीप लामिछाने बलिङमा आएका थिए। पोखराका रेमन राइफरले पहिलो र दोस्रो बलमा छक्का प्रहार गरे। तेस्रो बलमा सन्दीपले डट राखे। चौथो बलमा राइफरले चौका प्रहार गरे। पाँचौं र अन्तिम बलमा सन्दीपले एक/एक रन खर्चिए। समग्रमा विराटनगरले १९ रनको लक्ष्य पाएको थियो।

विराटनगरका मार्टिन गप्टिल र निकोलस किर्तन मैदान उत्रिए। पोखराले बलिङमा पुन रेमन राइफरलाई ल्याएको थियो। पहिलो बलमा मार्टिन गप्टिलले एक रन बनाए। दोस्रो र तेस्रो बलमा किर्तनले एक/एक रन लिए। चौथो बलमा किर्तनले डट बल खेले भने पाँचौं बलमा एक रन लिए। पाँचौं बल रेमनले वाइड दिए र अन्तिम बल डट राख्दै पोखराले विराटनगरमाथि सुपर ओभरमा १३ रनको जीत निकालेको हो।

त्यस अघि १४० रनको लक्ष्य पछ्याएको पोखराका लागि आन्द्रेश गौसले सर्वाधिक ३९ रन जोडे। त्यस्तै, रेमन राइफरले ३४ रन जोडे। कप्तान कुशल भुर्तेलले ३१ रन जोड्दा दिनेश खरेल र मिचेल लिस्कले समान ११/११ रन बनाए।

विराटनगरका लागि प्रतीश जिशीले चार विकेट लिए भने क्रिस सोलले दुई विकेट लिए। टस जितेर पहिला ब्याटिङ रोजेको विराटनगरले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १३९ रनको योगफल बनाएको हो। विराटनगरका लागि स्कट एड्वाड्र्सले सर्वाधिक ४५ रन बनाए। उनले ३५ बलमा पाँच चौका प्रहार गरेका थिए। त्यसैगरी, लोकेश बमले २६ रन बनाउँदा बासिर अहमदले २१ रन जोडे। निकोलस किर्तनले १९ रन, क्रिस सोलले सात र मार्टिन गप्टिलले पाँच रन बनाए।

पोखराका लागि सागर ढकाल र रेमन राइफरले समान दुई/दुई विकेट लिए भने कप्तान कुशल भुर्तेल र दिनेश खरेलले समान एक/एक विकेट झारे।

## जनकपुरद्वारा काठमाडौं पाँच विकेटले पराजित

एनपिएल अन्तर्गत आजको दोस्रो खेलमा जनकपुर बोल्ट्सले काठमाडौं गुर्खाजलाई पाँच विकेटले पराजित गर्दै जीत हासिल गरेको छ।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा काठमाडौंले जीतका लागि दिएको १०२ रनको लक्ष्य जनकपुरले १५ दशमलव पाँच ओभरमा पाँच विकेटको क्षतिमा पूरा गरेको हो। जनकपुरका लागि जेम्स नीशमले सर्वाधिक २७ रन बनाए। उनले १७ बलमा तीन छक्का र एक चौकाको मदतले २७ रन बनाएका हुन्।

हर्ष ठाकरले २५, लाहिरू मिलन्थाले १६, मोहम्मद मोहसिनले १३ र कप्तान अनिल साहले ११ रनको योगदान दिए। काठमाडौंका लागि शुभ कंसाकारले पाँच रन जोड्दा आसिफ शेखले दुई रन बनाए।

यो खेलमा जनकपुरले अतिरिक्त पाँच रन प्राप्त गरेको छ। बलिङतर्फ काठमाडौंका कप्तान करण केसीले सर्वाधिक दुई विकेट लिए। गेरहार्ड इरास्मस, दीपेश कँडेल र शाहब आलमले समान एक/एक विकेट हात पारे।

त्यस अघि टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय लिएको काठमाडौंले १९ दशमलव तीन ओभरमा सबै विकेट गुमाएर


तस्वीरः एजेन्सी

१०१ रन बनाएको थियो। काठमाडौंका लागि गेरहार्ड इरास्मसले सर्वाधिक २० रन बनाए। कप्तान करण केसीले १९ र स्टिफन एस्किनाजी १७ रनबाहेक अन्य कुनै खेलाडीले दोहोरो अङ्कको रन बनाउन सकेनन्।

काठमाडौंका लागि शाहब आलम र माइकल लेविटले समान आठ/आठ, रासिद खानले सात, प्रतीक श्रेष्ठले छ, भीम सार्कीले चार र डेन डउथवेटले एक रन बनाए। यो खेलमा काठमाडौंले अतिरिक्त ११ रन पाएको थियो।

जनकपुरको लागि ललित राजवंशी र शेर मल्लले सर्वाधिक समान तीन/तीन विकेट लिए। यस्तै, मोहम्मद मोहसिनले दुई, अरनिको यादव र किशोर महतोले एक/एक विकेट हात पारेका थिए।

# क्लथ बैंकद्वारा न्यायो कपडा बाँड्दै

प्रस, जनकपुरधाम, २७ मङ्सिर/

क्लथ बैंक नेपालले सेफ हाउसका महिला हिंसापीडितहरूलाई १४ थान नयाँ न्यानो कपडा वितरण गरेको छ।

यसैगरी, विजय मलिकको परिवारलाई १० थान जाडोका लुगा वितरण गरिएको जनाइएको छ। अलजामियाँ अलतुल हन्फी अलतुल गोसिया मदर्सामा अध्ययनरत विपन्न बालबालिकाहरूका लागि क्लथ बैंकले ४० थान ज्याकेट वितरण गरेको जनाएको छ।


तस्वीरः सौजन्य

कार्यक्रममा क्लथ बैंक नेपालका अध्यक्ष डा राजीव झा, सचिव मनीष श्रीओम, कोषाध्यक्ष रुबि झा, कार्यक्रम संयोजक रञ्जीत झा, सचिव कृष्णकुमार साह, नेपाल–भारत खुला सीमा संवाद समूहका पदाधिकारी धनेश्वर ठाकुलगायतको सहभागिता थियो।